# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक १६१ | काठमाडौं | आइतबार, १४ असोज २०८० | Prabhab National Daily | Sunday, October 1, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


सरकार-चिकित्सक वार्ता

## ६ बुँदे सहमति, आन्दोलन फिर्ता



■ प्रभाव संवाददाता

■ स्वास्थ्यकर्मीमाथि कुटपिट र दुर्व्यवहारका घटनाको कारक पत्ता लगाउन उच्चस्तरीय कार्यदल गठन गर्ने

**काठमाडौं–** सरकारसँगको वार्ता सफल भएसँगै चिकित्सकको आन्दोलन फिर्ता भएको छ । शनिबार सरकार र चिकित्सकबीच भएको वार्ता छ बुँदे सहमतिमा टुंगिएको हो । उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठको उपस्थितिमा गृह मन्त्रालयमा भएको वार्तामा उक्त सहमति भएको हो ।

सहमतिपत्रमा स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको भरपर्दो सुरक्षा व्यवस्था मिलाउने, त्यसका लागि सुरक्षा समन्वय समितिलाई सक्रिय बनाउने, दोषीलाई कानुनअनुसार कारबाही गर्ने, कानुन संशोधन गरेरै भए पनि दोषीलाई हदैसम्मको कारबाहीका गर्ने र त्यसका लागि आवश्यक कानुन संशोधन प्रक्रिया अघि बढाउने, कुटपिट र दुर्व्यवहारका घटनाको कारक पत्ता लगाउन उच्चस्तरीय कार्यदल गठन गर्ने र आन्दोलनरत पक्षले आन्दोलनका कार्यक्रम फिर्ता लिने सहमति भएको छ ।

पछिल्लो समय पोखरा, चितवन, हेटौंडा, कञ्चनपुर, बेलौरी, लमजुङ, पाटनलगायतका अस्पतालमा चिकित्सकमाथि भएको दुर्व्यवहारका दोषीलाई तत्काल पक्राउ गरी कारबाही गर्नुपर्ने र चिकित्सक सुरक्षाको निश्चितता गर्नुपर्नेलगायतका माग संघर्ष समितिले राखेको थियो ।

सहमतिपत्रमा स्वास्थ तथा जनसंख्या मन्त्रालयका निमित्त सचिव डा. दीपेन्द्ररमण सिंह र स्वास्थकर्मीका लागि सुरक्षित कार्यस्थल संघर्ष समितिका संयोजक डा. शेषराज घिमिरेले हस्ताक्षर गरेका छन् । सहमितसँगै चिकित्सकले आन्दोलनका कार्यक्रम फिर्ता लिएका छन् ।

चिकित्सकमाथिको दुर्व्यवहार अन्त्य र दोषीलाई कारबाही गर्न माग गर्दै चिकित्सकहरू सडकमा ओर्लिएका थिए । चिकित्सकहरू आन्दोलित अस्पतालमा बिरामीको उपचार सेवा प्रभावित बन्न पुगेको थियो ।

## फेरि बढ्यो इन्धनको मूल्य

**काठमाडौं (प्रस)–** सरकारले पेट्रोलियम पदार्थको मूल्य फेरि बढाएको छ । शनिबार बसेको नेपाल आयल निगम सञ्चालक समितिको बैठकले पेट्रोलियम पदार्थको मूल्य बढाउने निर्णय गरेको हो ।

खाना पकाउने ग्यासमा प्रतिसिलिण्डर २१५ रूपैयाँ बढाइएको छ । यो वृद्धिसँगै ग्यासको मूल्य प्रतिसिलिण्डर दुई हजार ११० रूपैयाँ पुगेको छ ।

यस्तै पेट्रोलमा प्रतिलिटर दुई रूपैयाँ, डिजेल र मट्टितेलमा प्रतिलिटर छ रूपैयाँ बढाउने निर्णय गरेको निगमले जनाएको छ । हवाई इन्धन आन्तरिक र अन्तर्राष्ट्रिय दुवैमा प्रतिलिटर आठ रूपैयाँ बढाइएको छ । बढेको मूल्य शनिबार राति १२:०० बजेपछि लागू हुने जनाइएको छ ।

पेट्रोलको मूल्य पहिलो वर्ग (चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज डिपोबाट बिक्री हुने ठाउँ)मा प्रतिलिटिर १८२.५ रूपैयाँ, दोस्रो वर्ग (सुर्खेत र दाङ) मा १८४ रूपैयाँ र काठमाडौं, पोखरा र दिपायलमा १८५ रूपैयाँ पुगेको छ ।

त्यसैगरी डिजेलको मूल्य पहिलो वर्गमा १७६.५, दोस्रो वर्गमा १७८ रूपैयाँ र तेस्रो वर्गमा १७९ रूपैयाँ प्रतिलिटर कायम भएको छ भने आन्तरिकतर्फको हवाई इन्धनको मूल्य प्रतिलिटर १४४ रूपैयाँ र अन्तर्राष्ट्रियको मूल्य १.०९५ अमेरिकी डलर कायम भएको छ ।

# उपलब्धिको कसीमा प्रधानमन्त्रीको भ्रमण

■ आर्थिक र कूटनीतिक दृष्टिले भ्रमण सफल भएको प्रधानमन्त्रीको दाबी

■ भ्रमणका क्रममा १२ वटा सम्झौता र एक समझदारी

■ चुच्चे नक्सा, बिआरआई र जिडिआईबारे उठाइएन कुरा



चीनको औपचारिक भ्रमण सकेर फर्किने क्रममा त्रिभुवन विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा प्रधानमन्त्री पुष्पकमल दाहाल, परराष्ट्रमन्त्री एनपी साउद र उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्का । *तस्बिरः रासस*

■ जेबी योञ्जन

**काठमाडौं–** संयुक्त राष्ट्रसंघको महासभालाई अमेरिकाको न्युयोर्कमा सम्बोधनपछि चीनको औपचारिक भ्रमण सकेर प्रधानमन्त्री पुष्पकमल दाहाल शनिबार स्वदेश फर्किए । उनको आगमनसँगै भ्रमणको उपलब्धिबारे विभिन्न टीकाटिप्पणी भइरहेको छ ।

भ्रमणको क्रममा नेपाल-चीनबीच १२ बुँदे सम्झौता र एक समझदारी भएको थियो । कृषि, सञ्चार, विज्ञान तथा प्रविधिसँगै व्यापारसँग सम्बन्धित सम्झौता र समझदारी भएको अवस्थाबीच एकथरीले भने प्रधानमन्त्री दाहालको भ्रमण उपलब्धिविहीन भएको दाबी गरेका छन् ।

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई चीन सरकारको दुईवटा रणनीतिक परियोजना बेल्ट एण्ड रोड इनिसियटिभ (बिआरआई) र ग्लोबल डेभलपमेन्ट इनिसियटिभ (जिडिआई) लाई देशको दीर्घकालीन राष्ट्रिय हितमा प्रयोग गर्ने भन्नेमा केन्द्रित नभएकाले प्रधानमन्त्री दाहालको भ्रमणलाई असफल भएको ठान्छन् । उनले भ्रमणप्रति असन्तुष्ट हुँदै थप भनेका छन्, 'कमसेकम परम्परागत हिमाली पर्खाललाई छेडेर दुई देशको अर्थतन्त्रलाई जोड्ने आधुनिक यातायात, पारवाहन पूर्वाधार निर्माण छिटो गर्न प्राथमिकता दिनुपर्थ्यो ।'

> मेरो चीन भ्रमणले दुई देशबीचको आपसी विश्वासको वातावरणलाई थप सुदृढ गर्दै दुवै मुलुकबीच रहिआएको ऐतिहासिक सम्बन्धको समग्र पक्षलाई थप प्रगाढ बनाउन महत्त्वपूर्ण भूमिका खेलेको विश्वास लिएको छु । यस मानेमा भ्रमण सफल रह्यो ।'
>
> ■ **पुष्पकमल दाहाल**
> **प्रधानमन्त्री**

> प्रधानमन्त्रीज्यूको भ्रमणमा धेरै उपलब्धि भएन । जनताको चाहना चुच्चे नक्सा चीनको नक्सामा समावेश गराउन संवाद गरून् र नेपालमा चिनियाँ सहयोग बढोत्तरी गराउन् भन्ने थियो । त्यस्तो भएन ।
>
> ■ **डा. टंक कार्की**
> **चीनका लागि पूर्वराजदूत**

भ्रमणअघि सांसदहरूले नेपालको चुच्चे नक्सा चीनको नक्सामा समावेश गराउन चिनियाँ राष्ट्रपतिसँग संवादका लागि प्रधानमन्त्री दाहाललाई सुझाएका थिए । तर, यसबारे भ्रमणको क्रममा कुनै समझदारी भएन । बरु, नेपालमा डिजिटल अर्थतन्त्रमा सहयोग अभिवृद्धि गर्ने, हरित र न्यून कार्बन विकासमा सहकार्य गर्ने, नेपाल-चीन व्यापार तथा भुक्तानी सम्झौताको पुनरवलोकन र परिमार्जनका लागि संयुक्त प्राविधिक कार्यदल गठन गर्नेजस्ता सम्झौता भए । तर, बहुचर्चित बिआरआई परियोजना अघि बढाउने र नेपालको चुच्चे नक्सा चीनको नक्सामा समावेश गराउने विषयमा कुनै सम्झौता भएन ।

चीनका लागि पूर्वनेपाली राजदूत डा. टंक कार्की पनि प्रधानमन्त्री दाहालको भ्रमण उपलब्धिमूलक भएको ठान्दैनन् । दुई छिमेकीबीचको सम्बन्धलाई जीवन्तता दिने काममात्रै भएको उनको भनाइ छ । 'सम्माननीय (**बाँकी पृष्ठ २ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

## इजरायलमा दोस्रो चरणको कामदार पठाउने तयारी

■ प्रभाव संवाददता

**काठमाडौं–** सरकारले इजरायलको दीर्घकालीन स्याहार केन्द्र (केयर गिभर) मा जिटुजी प्रक्रियामार्फत दोस्रो चरणमा सहायक कामदार पठाउने तयारी थालेको छ । केयर गिभरमा कामदारको अभाव हुन थालेपछि इजरायलले थप ५०० कामदार माग गरेका कारण दोस्रो चरणको कामदार पठाउने तयारी थालेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ ।

यसअघि पहिलो चरणमा एक हजार १७५ जना सहायक कामदार इजरायल जान छानिएका थिए । तीमध्ये अधिकांश इजरायल गइसके पनि केही संख्याको भिसा आउने क्रम अझै जारी छ । पहिलो चरणमा छनोट भएका कामदार लगभग गइसकेको भन्दै इजरायली पक्षबाट अब दोस्रो चरणको माग आएको हुँदा त्यसैको तयारी भइरहेको मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेले बताए ।

'इजरायलले पहिलो चरणको तुलनामा बढी नै संख्यामा सहायक कामदार लैजान रुचि देखाए पनि अहिलेलाई ५०० जनाको मात्रै माग आएको छ,' प्रवक्ता घिमिरेले भने, 'पहिलो चरणमा इजरायल गएका कामदारहरूको अवस्था अध्ययन गर्ने र थप पठाउने सम्बन्ध श्रममन्त्रीस्तरीय भ्रमणको तयारीसमेत भइरहेको छ ।'

इजरायलमा एक दशक अघिसम्म म्यानपावरमार्फत कामदार जाने गरेकोमा २०७७ असोज १४ गते नेपाल र इजरायलबीच जिटुजी सम्झौता गरी सहायक कामदार पठाउन थालिएको छ । यसअघि कठिनाइका बाबजुद गैरकानुनी बाटो प्रयोग गरी नेपालीहरू इजरायल जाने गरेका थिए । आकर्षक आम्दानी हुने मुलुकको रूपमा रहेको इजरायलमा केयर गिभरमा जाने कामदारले मासिक न्यूनतम तलब एक हजार ५०० डलर पाउने बताइन्छ ।

## व्यवसायी ढुंगेललाई 'नेलसन मण्डेला लिडरसिप अवार्ड'

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार व्यवसायी मोहनकुमार ढुंगेलले 'नेलसन मण्डेला लिडरसिप अवार्ड' प्राप्त गरेका छन् । वैदेशिक रोजगार तथा सामाजिक कार्यमा योगदान पुर्‍याएबापत ढुंगेलले उक्त अवार्ड हात पारेका हुन् ।




एनआरआई वेलफेयर सोसाइटीले बेलायतमा सेप्टेम्बर २७ का दिन ग्लोबल पिस समिटअन्तर्गत आयोजना गरेको अवार्ड वितरण कार्यक्रममा विभिन्न ३५-३६ वटा मुलुकका व्यक्ति सहभागी भए पनि ढुंगेल नेपालबाट छनोटमा पर्न सफल भएका थिए । उनी अवार्ड पाउने भएपछि सेप्टेम्बर २५ मा बेलायत गएका थिए ।

प्रत्येक वर्ष वितरण गर्ने उक्त अवार्ड पाउने ढुंगेल नेपालबाट पहिलो वैदेशिक रोजगार व्यवसायी हुन् । एउटा नेपालीले यो स्तरको अवार्ड पाउनु सबै नेपालीको गौरवको विषय भएको ढुंगेलले बताए । 'म एकदमै खुसी छु, यो मेरो मात्र खुसी नभएर सबै नेपालीको खुसी र गौरवको विषय हो,' उनले भने, 'यसबाट समाजिक क्षेत्रमा अझ दृढताकासाथ काम गर्ने हौसला र जिम्मेवारी थपेको महसुस गरेको छु ।'

अवार्ड पाएपछि युकेस्थित विभिन्न नेपाली संघसंस्थाले सम्मान गरिरहेको उनले बताए । एक दशकभन्दा बढी समयदेखि वैदेशिक रोजगार व्यवसायमा संलग्न ढुंगेल डमरु रिसोर्स प्रालिका सञ्चालक हुन् ।

त्यस्तै नेपाल वैदेशिक रोजगार व्यवसायी संघ पूर्वकार्यवाहक अध्यक्ष एवं हाल सुनकोसी गाउँपालिका ओखलढुंगाका अध्यक्ष कमल तामाङ पनि उक्त अवार्डबाट सम्मानित भएका छन् ।

## नक्कली भिसामा अस्ट्रेलिया पठाउन खोज्ने पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि अस्ट्रेलिया पठाइदिने भन्दै ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै रकम संकलन गरी नक्कली भिसामार्फत अस्ट्रेलिया पठाउन खोज्ने विष्णु केसीलाई प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ परेका केसी शंखमुलस्थित फ्लाइङ टचाप एजुकेसन एण्ड इमिग्रेसन कन्सल्टेन्सीका सञ्चालक रहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार अर्घाखाँचीको भूमिकास्थान नगरपालिका-८ स्थायी घर भएका ४५ वर्षीय केसीले पवनराज दाहाललाई अस्ट्रेलियामा मासिक २ लाख तलब हुने प्रलोभन देखाएर १७ लाख ७९ हजार रूपैयाँ लिएका थिए ।

अस्ट्रेलिया जान भनेर घरबाट बिदाई भएर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगेका दाहालले अध्यागमन कार्यालयले नक्कली भिसा भनि फर्काएपछि मात्रै आफू ठगिएको थाहा पाएको बताएका छन् । दाहालले आफु ठगीएको उजुरी दिएपश्चात केसीलाई खोजतालासको क्रममा लजिम्पाटबाट पक्राउ गरिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

पक्राउ परेका केसीलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभागमा बुझाइएको प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए । पछिल्लो समय विभिन्न मितिमा शैक्षिक कन्सल्टेन्सीहरूले वैदेशिक रोजगारमा पठाइदिने भन्दै पीडितहरूसँग रकम असुल्ने र फरार हुने क्रम बढेपछि यसको नियन्त्रणका लागि विभागले एउटा अनुगमन समिति बनाई आवश्यक कार्य गरिरहेको बताइएको छ ।












## जिब्रो छेडाएर पशुपतिनाथ परिक्रमा

भक्तपुरको मध्यपुर थिमि–५ चोडे टोलका बालराम श्रेष्ठ यँया पुन्हिको दिन शुक्रबार मध्यपुर थिमि दिगु भैरव मन्दिर परिसरमा जिब्रो छेडाएर पशुपतिनाथ मन्दिरको परिक्रमा गर्दै । श्रेष्ठले १७ वटा दीप बलेको बाँसबाट निर्मित चन्द्राकारको भ्य काधमा बोकेर मध्यपुर थिमिको दिगुटोल, सिद्धिकाली, सानोठिमी, पेप्सीकोला, गुहेश्वरीहुँदै, पशुपति परिक्रममा गरी पुनः थिमि पुगेका थिए ।

*तस्बिरः रत्न श्रेष्ठ/रासस*

# मध्यपुरथिमिमा सम्पदा पदयात्रा



**भक्तपुर (प्रस)–** विश्व मुटु दिवसका अवसरमा 'मुटुको प्रयोग गर्नुहोस्, मुटुका बारेमा थाहा पाउनुहोस्' भन्ने नाराका साथ मध्यपुरथिमिमा शनिबार तीन घण्टा लामो सम्पदा पदयात्रा (हेरिटेज वाक-२०२३) आयोजना गरिएको छ ।

बागमती प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री पुकार महर्जनले थिमि शंखधर चोकमा रहेको शंखधर साख्वाको सालिकमा माल्यार्पण गर्दै उद्घाटन गरे । उनले आर्थतन्त्रको मेरुदण्ड बलियो बनाउने आधार पर्यटन भएकाले यहाँका ऐतिहासिक एवं पुरातात्त्विक सम्पदा अवलोकनका लागि पर्यटकको संख्या बढाउने वातावरण बनाउनुपर्ने बताए ।

लायन्स क्लब अफ भक्तपुर बालकोट, लायन्स क्लब अफ भक्तपुर मेरिगोल्ड, लायन्स क्लब अफ भक्तपुर चाँगुनारायण, लायन्स क्लब अफ भक्तपुर प्रिन्सिपल र लायन्स क्लब अफ भक्तपुर नीलकण्ठेश्वरले संयुक्तरूपमा मानव मुटु बचाउने सन्देश प्रवाह गर्ने मुख्य उद्देश्यसहित सम्पदा पदयात्रा आयोजना गरेको लायन्स इन्टरनेसनल डिस्ट्रिक ३२५ एच एमडी ३२५ चिफ चार्टर प्रिसिडेन्ट एमजेएफको संयोजक एवं कार्यक्रम संयोजक उद्धव सिलवालले बताए ।

सम्पदा पदयात्रा शंखधर चोकबाट सुरु भई बालकुमारी मन्दिर, दुई पोखरी, भुलाँखेल, पाटी विहार, सिद्धिकाली मन्दिर, सिद्धिगणेश मन्दिर, नगदेश, बुद्धविहार नगदेश, नीलकण्ठेश्वर, टिगनी, नीलबाराही, बोडे, कमलपोखरी हुँदै बोडेको कुमारी मन्दिर परिसरमा पुगेर विविध सांस्कृतिक कार्यक्रमको आयोजना गरी सम्पन्न भएको थियो ।

कार्यक्रम आयोजक समितिको प्रकाशन तथा प्रचारप्रसार उपसमितिका संयोजक तीर्थराज भट्टले पदयात्राका क्रममा सम्पदा अवलोकनसँगै सम्बन्धित सम्पदाविद्बाट यात्रामा सहभागीलाई प्रत्येक सम्पदास्थलमै सम्पदाको महत्त्वका बारेमा जानकारी गराएको बताए ।

कार्यक्रममा सांस्कृतिक झाँकी, नृत्य प्रस्तुत गरिएको र मुटुरोगबाट बच्ने एवं बचाउनेबारे जनचेताना प्रवाह गरिएको थियो । लायन्स क्लबका डिस्ट्रिक्ट गभर्नर लायन शम्भु थापाले १५ जिल्लामा ४८ हजार लायन्सका सदस्य रहेको र नेपालका लायनहरूकै सहयोगबाट संकलित रकम समाजसेवामा खर्च भइरहेको बताए ।

उनले इन्टरनेसनल लायन्स क्लबमार्फत आएको बजेटबाट काठमाडौंका तीनकुनेमा आँखा अस्पताल सञ्चालन गरेको, यसै साताबाट कीर्तिपुरमा अत्याधुनिक प्रविधि जडित ब्लड बैंक सञ्चालनमा ल्याउन लागेको, कयौं अस्पताललाई प्राविधिक सामग्री हस्तान्तरण गरेको, अस्पताल विद्यालय भवन निर्माणमा सहयोग गर्दै आएको बताउँदै नेपालको सामाजिक विकासको क्षेत्रमा टेवा पुऱ्याउँदै आएको चर्चा गरे ।

समाजमा मुटुरोगी बढेको र किशोर तथा युवा वर्गमा पनि हृदयघातका बिरामी अत्यधिक बढेकाले मुटुरोगबारे सचेतना दिन र ओझेलमा रहेको मध्यपुरथिमिको सम्पदालाई विश्वमाझ उजागर गर्न सम्पदा पदयात्रा गरिएको संयोजक सिलवालले बताए ।

पदयात्रामा मन्त्री महर्जनसँगै बागमती प्रदेशसभा सदस्यद्वय सकुन्तला श्रेष्ठ, धनेश्वरी श्रेष्ठ, प्रदेशसभाका पूर्वराज्यमन्त्री रजनी जोन्छे, मध्यपुरथिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठ, पूर्वप्रमुख मदनकृष्ण श्रेष्ठलगायतका जनप्रतिनिधि, मेरिगोल्ड स्कुल, चाणक्य कलेजका विद्यार्थी, लायन्स क्लबका पदाधिकारी एवं लायनहरूको सहभागिता थियो ।

# परम्परागत तोरी पेल्ने कोल लोप हुँदै

**ललितपुर–** ललितपुर महानगरपालिका-२१ खोकना क्षेत्रमा तोरी खेती कम हुँदै जान थालेका छन् साथै तोरी पेल्ने परम्परागत कोल पनि विस्तारै लोप हुँदै गएका छन् ।

अहिले मिल व्यवसायीले परम्परागत मिल छोडेर विद्युतीय मेसिन प्रयोग गरेर व्यवसाय सञ्चालन गरेका छन् । नेवारी भाषामा 'सा' र नेपाली भाषामा 'कोल' को नामले चिनिने परम्परागत उपकरण अहिले खोकनामा देखिँदैनन् । नयाँ प्रविधिबाट व्यवसायीले तेल उत्पादनलाई वृद्धि गरेका छन् । परम्परागत कोलमा मेहनत धेरै चाहिने र जनशक्ति पनि अलि बढी चाहिने भएकाले परम्परागत कोल प्रयोगमा नआएको व्यवसायी बताउँछन् ।

हाल खोकनामा सामुदायिक रूपमा सञ्चालित गाबु ज्या : सा सामुदायिक तेल मिल, न्हबु सामुदायिक तेल मिल, खअधोकासी सामुदायिक तेल मिल र न्हु सामुदायिक तेल मिल छन् । अहिले गाबु ज्याःसा सामुदायिक तेल मिलमात्र सञ्चालनमा छ ।

गाबु ज्याः सामुदायिक मिल हजुर बुबाको परम्परादेखि सञ्चालनमा रहेको यसका सञ्चालक कान्छा महर्जन बताउँछन् । उनले भने, 'मेरो बाल्य अवस्थामा यो मिल २४सैं घण्टा सञ्चालन हुन्थ्यो । कारणबस यो कोल वि.सं. २०४० देखि बन्द अवस्थामा रहेको थियो । ऐतिहासिक रूपमा रहेको उक्त कोललाई मर्मत गरेर वि.सं. २०६९ मा जिम्मा लिएर सञ्चालन गरेको छु ।'

हाल खोकनामा अन्य विद्युतीय मिल धेरै भए पनि ऐतिहासिक रूपमा रहेको परम्परागत मिल एउटा मात्र सञ्चालनमा छ । मौलिकतालाई बचाउनका लागि ललितपुर महनगरपालिकाको आर्थिक सहयोगमा चार सामुदायिक तोरी पेल्ने मिल भवन निर्माण गरेको छ । उनका अनुसार दुई भवन निर्माण भइसकेको तर दुई निर्माण हुने तयारीमा छ ।

नयाँ निर्माण भएका भवनमा मौलिकतालाई कायम राखी व्यवसायलाई थप वृद्धि गर्ने लक्ष्य राखिएको छ । खोकनाको तेल मिसावटरहित हुन्छ भन्ने विश्वास रही आएको छ । *रासस*

## उपलब्धिको...

पृष्ठ १ बाट जारी

प्रधानमन्त्रीज्यूको भ्रमणमा धेरै उपलब्धि भएन । जनताको चाहना चुच्चे नक्सा चीनको नक्सामा समावेश गराउन संवाद गरुन् र नेपालमा चिनियाँ सहयोग बढोत्तरी गराउन् भन्ने थियो । त्यस्तो भएन,' उनले प्रभावसँग भने, 'दुई देशबीचको सम्बन्धलाई जीवन्तता दिने मामिलामा भने भ्रमण सफल भयो ।'

नेपालमा अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसिसी) सञ्चालनमा आएपछि नेपाल अमेरिकी ध्रुवमा ढल्किएको चिनियाँ अधिकारीहरूको विश्लेषण छ। फेरि, यही साता नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्मा भारतको दिल्लीमा भएको हिन्द प्रशान्त क्षेत्रका देशहरूको सेना प्रमुखहरू सम्मिलित बैठकमा सहभागी भएर आएका छन् । जुन बैठकको संयोजन अमेरिकाले गरेको हो । अर्कातिर, शुक्रबारमात्रै नेपाली सेना र अमेरिकी सेनाको संयुक्त सैन्य अभ्यास सकिएको छ ।

यी घटनाक्रमले एकातिर उत्तरी छिमेकी चीन सशंकित भएको हुनसक्ने विश्लेषण भइरहँदा प्रधानमन्त्री दाहालको भ्रमणले दुई देशबीच सम्बन्ध थप सुधार गरेको डा. कार्कीको भनाइ छ । यसलाई भने उनी भ्रमणको सफलतासँग जोडेर हेर्छन् ।

प्रधानमन्त्री दाहालले पनि भ्रमण मूलतः द्विपक्षीय सम्बन्ध विस्तारमा केन्द्रित रहेको र त्यसमा सफल भएको बताएका छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा शनिबार आयोजित पत्रकार सम्मेलनमा उनले भने, 'मेरो चीन भ्रमणले दुई देशबीचको आपसी विश्वासको वातावरणलाई थप सुदृढ गर्दै दुवै मुलुकबीच रहिआएको ऐतिहासिक सम्बन्धको समग्र पक्षलाई थप प्रगाढ बनाउन महत्त्वपूर्ण भूमिका खेलेको विश्वास लिएको छु । यस मानेमा भ्रमण सफल रहृयो ।'

चीनका प्रधानमन्त्री लि छयाङको मैत्रीपूर्ण निमन्त्रणामा प्रधानमन्त्री दाहालले यही ६ असोजदेखि आठ दिनसम्म चीनको औपचारिक भ्रमण गरेका हुन् । भ्रमणकै क्रममा दाहाल चीनको हाङझाउमा आयोजित १९औं एसियाली खेलकुदको उद्घाटन समारोहमा पनि सहभागी भए । समारोहअघि भने प्रतिनिधिमण्डलस्तरमा चिनियाँ राष्ट्रपति सीसँग भेटवार्ता गरेको र त्यस क्रममा आपसी सम्बन्धलाई थप दरिलो बनाउनेबारे छलफल भएको प्रधानमन्त्री दाहालले बताए ।

'राष्ट्रपति सी चिनफिङसँग अत्यन्त हार्दिक र सौहार्द्रपूर्ण वातावरणमा भएको द्विपक्षीय वार्तामा दुवै देशमा विद्यमान अवसर र सम्भावनाको भरपुर सदुपयोग गर्दै आपसी सम्बन्धलाई थप दरिलो बनाउने विषयमा सघन छलफल भयो,' उनले भने, 'नेपाल-चीनबीचको सम्बन्धलाई अझ दरिलो, अझ प्रगाढ र अझ उचाइमा लैजाने दिशातर्फ दुवै पक्षले गर्नुपर्ने कार्यका बारेमा पनि छलफल भयो ।'

चीनले गरिबी निवारण र आर्थिक समृद्धिका क्षेत्रमा हासिल गरेको सफलतालाई असल अभ्यासका रूपमा लिई चीनसँगको व्यापार, लगानी, अन्तरदेशीय यातायात सञ्जाल र आर्थिक सामाजिक साझेदारी वृद्धि गर्दै लैजाने भन्ने आफ्नो भनाइमा राष्ट्रपति सी सकारात्मक देखिएको पनि प्रधानमन्त्री दाहालले बताए ।

उनका अनुसार पोखरा र भैरहवास्थित अन्तर्राष्ट्रिय विमानस्थलमा चीनबाट सोझै हवाई उडानका लागि दुई देशका उड्डयन निकायबीच सहकार्य गर्न प्रोत्साहन गरिने भएको छ । नेपालका प्राथमिकताका क्षेत्रमा लगानी गर्न चिनियाँ निजी लगानीकर्तालाई आह्वान गरेको पनि उनले बताए ।

चिनियाँ समकक्षी लिसँगको भेटवार्ताको क्रममा भने नेपालको उत्तरी सीमा क्षेत्रमा चीनतर्फबाट प्रसारणलाइन निर्माण, नेपाल र चीनको सिमानामा रहेको भूभागमा केन्द्रीय विद्युत् प्रसारण प्रणालीबाट विद्युतको पहुँच पुऱ्याउन नसकिने स्थानमा सौर्य प्रणाली जडान, विभिन्न स्थानमा सडक निर्माण तथा स्तरोन्नति गर्नेबारे सम्झौता भएको बताए । कोरोना महामारी सुरु हुनुभन्दा अगाडि सञ्चालनमा रहेका नेपाल र चीनबीचका सबै नाका खोल्ने सहमति पनि भएको दाहालले बताए ।

भ्रमण दलकै सदस्य रहेका परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले प्रधानमन्त्री दाहालको चीन भ्रमण आर्थिक एवं कूटनीतिक दृष्टिकोणले सफल भएको प्रतिक्रिया दिए ।

चिनियाँ राष्ट्रपति सि र प्रधानमन्त्री लिसँग भएका द्विपक्षीय भेटवार्ता महत्वपूर्ण भएको भएको भन्दै उनले दुई देशका बीच भएका समझदारी एवं सम्झौताहरू पनि नेपालको हित एवं आर्थिक विकासका पक्षमा रहेको दाबी गरे ।

भ्रमण दलमै रहेका नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले पनि प्रधानमन्त्री दाहालको चीन भ्रमण आर्थिक दृष्टिले फलदायी भएको दाबी गरे । नेपालमा चिनियाँ लगानी बढाउनुका साथै अन्य आर्थिक सम्भावनाको खोजीबारे भ्रमणको क्रममा छलफल भएको उनको भनाइ छ ।

तेस्रोपटक प्रधानमन्त्री भएपछि दाहालको यो पहिलो चीन भ्रमण हो ।



**समयबजी |** तारकेश्वर नगरपालिका-१० स्थित मनमैजुको नासलचोकमा नेवारी समुदायले विभिन्न परिकार मिसाएर बनाएको समयबजी । *तस्बिर: हरिराम भेटुवाल/रासस*

# एमाले बागमती प्रदेशको अध्यक्षमा ढुंगेल विजयी



**काठमाडौं (प्रस)–** नेकपा एमालेको प्रथम बागमती प्रदेश कमिटीको अधिवेशनले अध्यक्ष पदमा कैलाश ढुंगेललाई निर्वाचित गरेको छ । शुक्रबार राति सार्वजनिक मत परिणामअनुसार रामेछापका ढुंगेलले ६९६ र प्रतिस्पर्धी मकवानपुरका कृष्णप्रसाद दाहालले ४३९ मत प्राप्त गरेका छन् । यस्तै उपाध्यक्षमा दावादोर्जे लामा, सचिवमा नवराज सिलवाल, उपसचिवमा प्रेमकुमार महर्जन र भक्तकुमारी लामा निवाचित भएका छन् ।

एमाले पार्टीको केन्द्रीय कार्यालय, च्यासलमा अन्तिम मत परिणाम सार्वजनिक भएपछि पार्टीका उपमहासचिव प्रदीपकुमार ज्ञवालीले विजयीलाई बधाई दिएका थिए । अधिवेशनमा कूल प्रतिनिधि एक हजार १७२ रहेकामा एक हजार १३१ ले मतदानमा भाग लिएका थिए ।

अध्यक्ष पदमा केशवराज पाण्डे, सानुकुमार श्रेष्ठ र केशरकुमार बुढाथोकीले उम्मेदवारी दिए पनि फिर्ता लिएका थिए । यही असोज ८ गते भृकुटीमण्डपमा एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गरेको अधिवेशनको बन्दसत्र कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा मंगलबार सम्पन्न भएको थियो ।

### कर्णाली अध्यक्षमा तीन जनाबीच प्रतिस्पर्धा

यसैबीच एमाले कर्णाली प्रदेश अध्यक्षमा तीन जनाबीच प्रतिस्पर्धा भएको छ । अध्यक्ष पदमा कालीकोटका प्रकाश रोकाया, सल्यानका गुलाबजंग शाह र कालीकोटका मीनबहादुर शाहीबीच प्रतिस्पर्धा भएको हो ।

यसअघि अध्यक्ष पदका लागि पाँच जनाको उम्मेदवारी दर्ता भएकामा दुई जनाले उम्मेदवारी फिर्ता लिएका थिए । कर्णाली प्रदेशसभा पूर्वसभामुख राजबहादुर शाही र कालीकोटका प्रेमबहादुर सिंहले उम्मेदवारी फिर्ता लिएका हुन् ।

सचिवमा दैलेखका रुद्रबहादुर शाही र सुर्खेतका ध्रुवकुमार शाहीबीच प्रतिस्पर्धा भएको छ । यसअघि सचिवमा उम्मेदवारी दिएका सुर्खेतका डण्डीप्रसाद शर्माले सचिवमा रुद्रबहादुर शाहीलाई समर्थन गर्दै उम्मेदवारी फिर्ता लिएका थिए ।

प्रदेशको नेतृत्व सहमतिमा टुंग्याउने प्रयास गरेको एमालले अन्ततः निर्वाचन प्रक्रियाबाटै नेतृत्वको टुंगो लगाउने भएको हो । प्रदेश अधिवेशनको उद्घाटन गर्दै एमाले अध्यक्ष केपी शर्मा ओलीले सहमतिका आधारमा नेतृत्व छान्न निर्देशन दिएका थिए । तर नेताबीचमा कुरा नमिल्दा निर्वाचनबाटै नेतृत्व चयन गर्नुपरेको नेकपा एमाले कर्णाली प्रदेशका अध्यक्ष विनोद शाहले जानकारी दिए ।

मतदान आज बिहान ८ बजेबाट सुरु हुने जानकारी दिइएको छ । एमालेले प्रथम अधिवेशनबाट पाँच पदाधिकारीसहित १३५ सदस्य चयन गर्नेछ ।

# २६ करोडको खानेपानी आयोजना प्रभावित

**पाँचथर–** उपभोक्ता र सरकारी निकायको प्रभावकारी समन्वयको अभावका कारण पाँचथरमा निर्माण भइरहेको २६ करोड रूपैयाँ लागतको एक खानेपानी आयोजना प्रभावित भएको छ । आयोजना प्रभावकारी हुन नसक्दा उपभोक्ताले पनि चासो देखाएका छैनन् ।

जिल्लाको फिदिम नगरपालिका-९ लुम्फाबुङ र फाल्गुनन्द गाउँपालिका-१ नवमीडाँडाका उपभोक्तालाई लक्षित गरी निर्माण भइरहेको लुम्फाबुङ-नवमीडाँडा लिफ्टिङ खानेपानी आयोजना लथालिंग अवस्थामा छ । आयोजनाको पहिलो खण्डको निर्माण कार्य गत वर्ष नै पूरा भए पनि खानेपानी वितरण हुनसकेको छैन । दोस्रो खण्डअन्तर्गतको पाइपलाइन विस्तार चलिरहे पनि उपभोक्ता समितिको भवन निर्माण हुन नसक्दा आयोजना सञ्चालन अझै लामो समय प्रभावित हुने भएको छ । आयोजनाको मुहान तथा पाइपलाइनमा पहिराले क्षति पुर्‍याउँदा पुनःनिर्माणमै धेरै समय र लगानी खर्च हुने अवस्था सिर्जना भएको छ ।

आयोजना हेर्ने खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय पाँचथरका सवइञ्जिनियर अनिल मण्डलका अनुसार आयोजना दुई चरणमा निर्माण भइरहेको छ । पहिलो चरणअन्तर्गत आयोजनाको प्रसारणलाइन निर्माण, नौ वटा पम्पिङ तथा अन्य ट्यांकी निर्माण र ८४४ घर उपभोक्तासम्म वितरण पाइपलाइन निर्माण गर्नुपर्ने थियो । २१ करोड २० लाख ७२ हजार रूपैयाँको लागतमा स्वामीनारायण-आदर्श जेभीले उक्त कार्यको ठेक्का लिई गत वर्षको मंसिरमा मुख्य काम सम्पन्न गरेको थियो । तर, ८४४ उपभोक्तामध्ये हालसम्म करिब ४९० घरधुरीले मात्रै धारा जडान गरेका छन् ।

यस्तै दोस्रो चरणमा २६९ घरधुरी उपभोक्ताका घरसम्म वितरण पाइपलाइन निर्माण गर्ने तथा उपभोक्ता समितिको बहुउद्देश्यीय कार्यालय भवन निर्माण गर्नुपर्ने थियो । जसअन्तर्गत वितरण पाइपलाइन र त्यसका लागि आवश्यक अतिरिक्त संरचना निर्माण भइरहेका छन् । तर करिब ९० लाख रूपैयाँको लागतमा बन्नुपर्ने कार्यालय भवन अझैसम्म निर्माण सुरु हुन सकेको छैन । लुम्फाबुङ वा नवमीडाँडा कतातर्फ भवन बनाउने भन्ने विषयमा विवाद हुँदा निर्माण कार्य अघि बढ्न सकेको छैन । राजनीतिक दबाबका कारण भवन निर्माण हुन नसक्दा सिंगो आयोजना नै प्रभावित भएको छ ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय पाँचथरका साइट इञ्चार्ज मण्डलका अनुसार पहिलो चरणको ठेक्का २०७६ असार ३० गते लागेको थियो । दुई वर्षभित्र सम्पन्न गर्नुपर्ने निर्माण कार्य पटक-पटक म्याद थप गरी वि.सं. २०७९ मंसिरमा सम्पन्न गरिएको थियो । निर्माण सम्पन्न भएपछि धारा जडान गरेका घरहरूमा खानेपानी वितरण पनि थालिएको थियो । तर यहाँका अधिकांश उपभोक्ताहरूले अहिले पनि वैकल्पिक माध्यमबाट खानेपानीको सुविधा लिइरहेका कारण पानीको नियमिततामा चासो देखाएनन् भने उपभोक्ता समिति र आयोजनाले खानेपानी नियमित गरेका छैनन् ।

दोस्रो चरणको निर्माण कार्य २०७८ पुस २७ मा सुरु भएको थियो । जसको अवधि आगामी माघ १४ गतेसम्म छ । निर्धारित समयमा वितरण पाइपलाइन निर्माण सम्पन्न हुनसक्ने भए पनि आयोजनाको 'मुटु' का रूपमा रहेको भवन भने निर्माण सम्पन्न हुने अवस्था छैन । आयोजना सञ्चालनमा मद्दत गर्ने भवन निर्माणस्थल अझैसम्म विवादमै छ । दोस्रो चरणको निर्माणको कार्यको ठेक्का निर्माण कम्पनी सिएबिजेआरडीले चार करोड ९६ लाख पाँच हजार रूपैयाँमा लिएको थियो ।

राजनीतिक दबाबपछि निर्माण कम्पनीले फाल्गुनन्द-१ नवमीडाँडाको तुम्बायक भन्ने स्थानमा भवन निर्माण थालेको थियो । सो स्थानमा अहिले पनि केही बालुवा, रोडा र ढुंगा देख्न सकिन्छ भने पिल्लर निर्माण सुरुआत गरी अलपत्र छोडिएको भेट्न सकिन्छ । यता फिदिम नगरपालिका-९ लुम्फाबुङको लुम्फाबुङडाँडामा भवन निर्माणका लागि स्थानीयवासीले दिएको जग्गा बाँझै छ भने निर्माण कार्य अघि बढ्न सकेको छैन ।

उपभोक्ता समितिका अध्यक्ष गगन लावती आयोजना निर्माणकै क्रममा रहेको बताउँछन् । विगतमा केही समय पानी वितरण गरिए पनि गत असारमा आएको बाढी र पहिरोले आयोजनाको ट्यांकी र १५० मिटर प्रसारणलाइनमा क्षति पुर्‍याएकाले मर्मतको काम भइरहेको उनको भनाइ छ । उपभोक्ता समितिको भवन नियमबमोजिम लुम्फाबुङडाँडामा बन्नुपर्ने भए पनि आफूबाहिर रहेको समयमा नवमीडाँडामा निर्माण थालिएका कारण समस्या भएको लावतीको भनाइ छ ।

'म बाहिर रहेको समयमा नियमविपरीत नवमीडाँडामा भवन निर्माण थालिएछ,' लावतीले भने, 'म आएर खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयमा कुरा राखेर निर्माण कार्य रोकिएको छ ।' लावतीका अनुसार नवमीडाँडाको तुम्बायकमा भुइँ तहको काम सम्पन्न भइरहेका अवस्थामा निर्माण कार्य रोकिएको छ । अहिले कार्यालयले लुम्फाबुङडाँडामै कार्यालय बनाउन पत्राचार गरे पनि निर्माण कम्पनीले काम थालेको छैन । विवादकै कारण दुवैतर्फ केही संरचना बनाउने निष्कर्षमा समिति पुगेको देखिन्छ ।

यस्तै खानेपानीको महसुल चर्को पर्ने डरले कतिपय उपभोक्ताहरूले धारा जडान गरेका छैनन् । 'हामीले पहिलो चरणको निर्माण क्षेत्रका सबै उपभोक्तालाई पत्र पठाएर धारा जडान गर्न भनेका थियौं,' उपभोक्ता समितिका अध्यक्ष लावतीले भने, 'धारा जडानकै क्रममा भए पनि कतिपयले महसुल धेरै उठ्ने डरले जडान गर्नुभएन ।' सबै उपभोक्ताका घरमा धारा जडान भएपछि मात्रै विपरीत खानेपानीको महसुल उठाउने समितिको योजना रहेको लावतीको भनाइ छ ।

तर, उपभोक्ताहरू उपभोक्ता समिति, निर्माण व्यवसायी र तालुकदार कार्यालयसँग असन्तुष्ट छन् । लुम्फाबुङका भद्रमान राई खानेपानी आयोजना निर्माणको कार्य अलपत्र पार्न नहुने बताउँछन् । 'सबै पक्ष मिलेर चाँडो आयोजना सम्पन्न गर्नुपर्ने हो,' राईले भने ।

फाल्गुनन्द-१ नवमीडाँडाका रामबहादुर आङ्देम्बे उपभोक्तालाई नियमित खानेपानी नदिने अवस्था आएपछि आफूहरू सरोकारवाला निकायको ध्यानाकर्षण गराउन लागेको बताउँछन् । 'उपभोक्ताहरू मिलेर योजना व्यवस्थित रूपमा सञ्चालन गर्न र बाँकी रहेको निर्माणको काम छिटो सम्पन्न गर्न दबाब दिनुपर्ने अवस्था आएको छ,' आङ्देम्बेले भने ।

फाल्गुनन्द-१ नवमीडाँडाकै सिआर आङ्देम्बे लथालिंग भएको आयोजना सहजै सञ्चालन गर्न कठिन रहेको बताउँछन् । 'सबै मिलेर व्यवस्थित गरेमात्रै योजना सञ्चालन गर्न सम्भव छ । अहिलेजस्तो लथालिंग पाराले योजना चल्न गाह्रो छ,' उनले भने । आवश्यकताको पहिचान नगरी भोट संकलन गर्ने उद्देश्यले आयोजना निर्माण थालिएका कारण समस्या सिर्जना भएको आङ्देम्बेको तर्क छ । 'पानीको आवश्यकता भए पनि लिफ्टिङबाट सञ्चालन हुने योजनाको मिटरको पानीको शुल्क तिर्न उपभोक्तालाई कठिन पर्छ,' आङ्देम्बेले भने ।

# एन प्याब्सनको अध्यक्षमा न्यौपाने

**काठमाडौं (प्रस)–** राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन (एन प्याब्सन)मा आलोपालोका लागि भएको सहमतिबमोजिम अध्यक्षमा सहअध्यक्ष सुवास न्यौपानेको शनिबारदेखि कार्यकाल सुरु गरेका छन् ।

सो संगठनको २०७८ फागुन २४ गते नेपालगञ्जमा सम्पन्न पहिलो १८ महिना पाण्डव हमाल र दोस्रो १८ महिना न्यौपाने अध्यक्ष हुनेगरी सहमति भएको थियो । हमालको कार्यकाल गत भदौ २४ गतेदेखि सकिएकाले अध्यक्षमा आफू कायम हुनुपर्नेमा सहजरूपमा हस्तान्तरण नगरिएपछि न्यौपानेले शनिबार कार्यक्रम आयोजना गरी पदस्थापनको घोषणा गरेका हुन् ।

अध्यक्ष न्यौपाने शिक्षा क्षेत्रमा निजी क्षेत्रको योगदानलाई राज्यले बेवास्ता गर्न नमिल्ने भन्दै विभेदकारी कानुन र नीति नल्याउन सरकारसँग माग गरे ।

कार्यक्रममा नेसनल प्याब्सनका पूर्वअध्यक्ष वसन्तबहादुर श्रेष्ठ, कर्णबहादुर शाही, प्याब्सनका अध्यक्ष डिके ढुंगाना, अभिभावक महासंघका अध्यक्ष सुप्रभात भण्डारी, निजी विद्यालय शिक्षक युनियनका अध्यक्ष होमकुमार थापाले कार्यकाल सफलताको कामना गरेका थिए ।

Invitation for Bids

Chaurjahari Municipality

Office of Municipal Executive

Chaurjahari Rukum (West)

**INVITATION FOR ELECTRONIC BIDS FOR THE**

**PROCUREMENT OF Supply & Delivery of Vetinary Medicine & Surgical Equipment for Chaurjahari Municipality Rukum (West)**

**CJM/GOODS/SBQ/05/080/081**

**Date of Publication :-2080/06/14**

1. The Chaurjahari Municipality invites sealed quotations for the PROCUREMENT OF Supply & Delivery of Vetinary Medicine & Surgical Equipment for Chaurjahari Municipality Rukum (West).The estimated amount for the works is Rs. 1101350.00.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chaurjahari Municipality Ruku (West) [or may visit PPMO website www.bolpatra.gov.np.]
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document fee Account No. : 4330100301010002 & Bid Security 4330100303000002 in the following bank.

**Name of the Bank : Rastriya Banijya Bank**
**Name of the Office : Chaurjahari Municipality Office Code No. : 80659402300**
**Revenue Head No. : 14265**

4. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Chaurjahari Municipality on or before 2080/06/29, 12:00 PM.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2080/06/29, 1:00 at the office of Chaurjahari Municipality Rukum (West). Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Rs.28000.00 which shall be valid for 30 days beyond the validity period of the bid .
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S.N | Contract ID | Description of Items | Estimated Amount With Vat | Bid Security | Bid Document Form Fee (Non-Refundable) |
|---|---|---|---|---|---|
| 1. | CJM/GOODS/SBQ/05/080/081 | PROCUREMENT OF Supply & Delivery of Vetinary Medicine & Surgical Equipment for Chaurjahari Municipality Rukum (West) | Nrs. 1101350.00. | NRs. 28000.00 | NRs. 1,000.00 |

**Chief Administrative Officer**
**Chaurjahari Municipality**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### काममा ध्यान देऊ

छिमेकी मुलुक चीनको भ्रमण सकेर प्रधानमन्त्री पुष्पकमल दाहाल शनिबार स्वदेश फर्किए । अमेरिकाको न्युयोर्कमा संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन पुगेका उनी त्यतैबाट चीन पुगेका थिए । जम्बो टोलीसहित करिब एक हप्ताको चीन बसाइका क्रममा उनले चिनियाँ राष्ट्रपति सी चिनफिङ, चिनियाँ समकक्षी लि छ्याङलगायतसँग भेटवार्ता गरे । सो क्रममा दुई देशबीच १२ वटा सम्झौता र एक समझदारी भएको जानकारी दिइयो । भ्रमण सकेर स्वदेश फर्कने क्रममा प्रधानमन्त्री दाहालले आफ्नो भ्रमण सफल भएको बताए । उनले आर्थिक र कूटनीतिक दृष्टिले भ्रमण उपलब्धिमूलक भएको दाबी गरे । यद्यपि, उनको भ्रमको उपलब्धिलाई लिएर सकारात्मक/नकारात्मक टिप्पणी भइरहेका छन् ।

मुलुकको अर्थतन्त्र धराशायी रहेको बेला अनावश्यक रूपमा प्रधानमन्त्रीले भ्रमण लम्ब्याएको भन्दै आलोचनासमेत भइरहेको छ । उक्त आलोचना स्वाभाविक पनि छ । किनभने देश यतिबेला आर्थिक मन्दीको चपेटामा छ । बजार तताउने नेपालीको मुख्य चाड दसैंको मुखमा कारोबार ठप्प छ । तर, देशको अवस्था सुधार गर्न भनेर जनताले चुनेर पठाएका जनप्रतिनिधि भने संसद् बन्द गरेर विदेशमा मोजमस्ती गर्न व्यस्त छन् । यसरी मस्तराम घुम्नमा पहिलो नम्बरमा प्रधानमन्त्री दाहाल स्वयं परेका छन् ।

प्रधानमन्त्रीको कार्यभार सम्हाल्दै गर्दा उनले आफू काम गरेर देखाउन आएको बताएका थिए । आफू कुरामा भन्दा पनि काममा ध्यान दिने वाचा उनले गरेका थिए । तर, उनले सरकारको नेतृत्व सम्हालेयता ठोस काम देखाउन सकेका छैनन् । आर्थिक मन्दीको चपेटामा परेका सर्वसाधारणदेखि व्यवसायीसम्म यतिबेला निराश छन् । यस्तो बेला सरकारले केही आशा जगाउने काम गर्नुपर्ने हो, तर अहिलेसम्म त्यस्तो आशा जगाउने काम हुन सकेको छैन । प्रधानमन्त्री दाहालको प्रतिबद्धता र वर्तमान सत्ता गठबन्धनका दलहरूको चुनावी घोषणापत्रनुसार सरकार चल्न सकेको छैन ।

अहिलेको अवस्थामा सरकारले गर्नुपर्ने काम धेरै छ । तर, प्रधानमन्त्री दाहाल फुर्सदिला देखिन्छन् । चीन भ्रमणलाई अनावश्यक लम्ब्याएर तीर्थाटनमा भुल्नुले पनि उनी कामविहीन छन् भन्ने प्रस्ट हुन्छ । यसरी मुलुकको कार्यकारी प्रमुख कामविहीन हुनु विडम्बना नै हो । अब पनि यसरी नै विदेश भ्रमण र तीर्थाटनमा रमाइरहने हो भने मुलुकको अवस्था कहाँ पुग्ला ? यसबारे प्रधानमन्त्रीले सोच्न जरुरी छ । चुलिँदो महँगी, बेरोजगारीले पिल्सिएका जनता कहिलेसम्म चुप लागेर बस्लान् भन्नेमा सचेत बन्न जरुरी छ । प्रधानमन्त्रीको चीन भ्रमण उपलब्धिमूलक भए वा भएन भन्ने बहस चल्दै गर्लान् । तर, प्रधानमन्त्रीको ध्यान अब काममा केन्द्रित होस् ।

## मनन्योग्य

### चाणक्य नीति

चाणक्यको जाली पत्रको योजना सफल भयो । चन्द्रगुप्तका शत्रु परस्परमा लडी समाप्त भए । यता राक्षसले मलयकेतुसँग मिलेर रक्तपातको कारण जान्न चाहे । विश्वास गर्न चाहानछौ ? ल पढ यो आफ्नो चिट्ठी जुन चन्द्रगुप्तको हातमा पुऱ्याउन चाहन्थ्यौ ।


राक्षसले चिठी हेरेर झ्वाट्ट सम्झे यो चाणक्यको कुनै योजना राक्षसले मलयकेतुलाई धेरै विश्वास दिलाए, तर अविश्वासको टुसा मनमा बसेको थियो । उसलाई निकाल्न अब सम्भव थिएन । उसमाथि रिस र अविवेकको लेउ लागिसकेको थियो । रिसले युक्त भई त्यही स्वरमा मलयकेतुने मलाई मूर्ख ठान्छौ ? तिमी ब्राह्मण हो, बस यही कारणले जीवित छोड्छु । यहाँबाट जाऊ । राक्षसले पनि सोचे यस्ता मूर्खलाई सम्झाउनु व्यर्थ छ । निराश भई राक्षस कुनै अज्ञात स्थानतिर गए । केही दिनपछि चन्द्रगुप्त रे आचार्य चाणक्य एकअर्कासँग भेटिए । चाणक्यले भने- 'यस ब्राह्मणको काम सकियो । भूमण्डलमा आज भारतवर्षको गौरव परिलक्षित छ । चाणक्य चाहन्थ्यो टुक्रा-टुक्रा बाँडिएको भारतवर्ष एउटै झन्डामुनि लोककल्याणकारी राज्य होस् । आज मेरो इच्छा पूर्ण भयो ।'

केही उदास स्वरमा चन्द्रगुप्त चाणक्यसँग बोले- 'जुन कर्मबीरले आफ्नो त्याग र बुद्धिबलले यत्रो विशाल साम्राज्य स्थापना गरे यस्तो सम्पूर्ण प्रभुत्व सम्पन्न राज्यका संस्थापक महात्मा चाणक्य एक साधारण झुपडीमा वस्तु यो चन्द्रगुप्तलाई शोभा दिँदैन ।

चाणक्य केही शान्त रहे अनि केही हाँस्तै चन्द्रगुप्तका काँधमा हात राख्दै भने- 'जुन राजा सर्वगुणसम्पन्न भइकन पनि जनहितमा तल्लीन रहँदैन जनताले त्यस्ता राजालाई पदच्युत गर्दछन् । मैले भोग्नका लागि होइन मानवकल्याणको कामनाका निम्ति यो संगठित साम्राज्यको स्थापना गरें । यो पृथ्वी आमाका केटाकेटी, छोराहरूको सम्पत्ति हो मेरो जुन काम थियो त्यो पूरा भयो । तिम्रो राज्य बारम्बार फलोस् यही मेरो आर्शिर्वाद ! यो ब्राह्मण आउने एकादशीका वनतिर लाग्नेछ ।'

चाणक्यबाट यस्ता कुरा सुनी छक्क पर्दै चन्द्रगुप्त किंकर्तव्यविमूढ बने । उनले अबोध बालक बन्दै भने-'यो के भन्दै हुनुहुन्छ गुरुदेव ! तपाईंविना म यति ठूलो साम्राज्य कसरी सम्हाल्न सक्छु ? क्रमशः

# स्थानीय तहले अघि बढाएका नमूना कार्यहरू



नेत्र सुवेदी 'प्रयास'

गुलाबी सहरका रूपमासमेत चिनिने स्याङजाको वालिङ नगरपालिकाले सुरुदेखि नै चर्चा बटुल्न सफल मानिन्छ । वालिङले २० वर्षे बृहत् योजना, पाँच वर्षे आवधिक योजना र वार्षिक रणनीतिक योजनाअनुरूप काम अगाडि बढाएको छ । कृषिमा संलग्न व्यक्तिलाई परामर्श, प्रविधि र ढुवानी साधनका रूपमा कृषि एम्बुलेन्सको व्यवस्था गरेको छ । युएनडिपीको सहकार्यमा उद्यमशीलता व्यवसाय प्रवर्द्धन तथा नवप्रवर्तन केन्द्र स्थापना भएको छ भने फोहोरबाट मोहरको अवधारणाअनुसार घरघरमा संकलित फोहोरबाट जैविक मल र अन्य उपयोगी वस्तु तयार गर्दै आएको छ । डिजिटल प्रविधिको प्रयोग गरी 'स्मार्ट सिटी' बनाउने पहल हुँदै छ ।

*(सात प्रदेशका केही स्थानीय तहले अघि बढाएका केही उदाहरणीय कामबारे चर्चा गरिएको यस लेखको पहिलो खण्ड असोज ८ गतेको अंकमा प्रकाशित छ । -सं)*

**गण्डकी प्रदेश**

गण्डकी प्रदेशभित्रका ८५ स्थानीय तहमध्ये गोरखाको भीमसेन थापा गाउँपालिकाले स्वास्थ्य, शिक्षाका साथै सीप विकास र रोजगारीलाई प्राथमिकता दिएको छ । स्थानीय आर्थिक विकासका लागि 'एक वडा, एक उद्यम कार्यक्रम' तथा पकेट क्षेत्र र 'एक परिवार, एक पेसा व्यवसाय'को अवधारणाका साथै भूमि बैंक र श्रम बैंकको अवधारणासहित जग्गा आवाद गर्ने विषयलाई प्रोत्साहनका रूपमा अघि बढाइएको छ । पर्वत जिल्ला जलजला गाउँपालिकाले आलु पकेट क्षेत्र स्थापना गरी बीउ आलु उत्पादन प्रारम्भ भएको छ भने केही वडा समेटेर भैंसीपालन पकेट क्षेत्र सञ्चालन भएको छ । युवालाई उद्यमशील काममा लगाउन पालिकाले हरसम्भव प्रयास गरिरहेको छ । यस पालिकाले समुदायमा लोप हुने जोखिम रहेको भजनकीर्तनलगायतका मारुनी, सोरठी, यानीमायाजस्ता लोकबाजाको संरक्षण कार्यक्रमसमेत सञ्चालन गरिरहेको छ ।

तनहुँ जिल्लामा पर्ने ऋषिंग गाउँपालिकाले पालिका छोडेर अन्यत्र गएका परिवारलाई लक्षित गरी 'ऋषिंग फर्क अभियान' सञ्चालन गरेको छ । गाउँपालिकाबाट छाडेर अन्यत्र गएका र अहिले जग्गा जमिन नभएका परिवारलाई घडेरीबापत जग्गा नै निःशुल्क व्यवस्था गर्नेसम्मको लचकता देखाएको छ । 'एक वडा, एक उत्पादन अभियान', अशक्त अवस्थाका सासुहरूको उत्कृष्ट स्याहार गर्ने बुहारीलाई सम्मान गर्ने कार्यक्रम 'सासुसँगै बुहारी कार्यक्रम' ल्याइएको छ । कृषि र पर्यटनलाई प्राथमिकता, भूमि बैंक स्थापनाको पहल एवं बाँझो जग्गामा खेती गरेमा अनुदानको व्यवस्था गरिएको छ । पशुपालनतर्फ पशुको नश्ल सुधार र भकारो सुधार कार्यक्रम लागू भएको छ ।

त्यस्तै गुलाबी सहरका रूपमासमेत चिनिने स्याङजाको वालिङ नगरपालिकाले सुरुदेखि नै चर्चा बटुल्न सफल मानिन्छ । वालिङले २० वर्षे बृहत् योजना, पाँच वर्षे आवधिक योजना र वार्षिक रणनीतिक योजनाअनुरूप काम अगाडि बढाएको छ । कृषिमा संलग्न व्यक्तिलाई परामर्श, प्रविधि र ढुवानी साधनका रूपमा कृषि एम्बुलेन्सको व्यवस्था गरेको छ । युएनडिपीको सहकार्यमा उद्यमशीलता व्यवसाय प्रवर्द्धन तथा नवप्रवर्तन केन्द्र स्थापना भएको छ भने फोहोरबाट मोहरको अवधारणाअनुसार घरघरमा संकलित फोहोरबाट जैविक मल र अन्य उपयोगी वस्तु तयार गर्दै आएको छ । डिजिटल प्रविधिको प्रयोग गरी 'स्मार्ट सिटी' बनाउने पहल हुँदै छ ।

त्यस्तै स्याङजाकै फेदिखोला गाउँपालिकाले शैक्षिक विकासका पक्षहरूका रूपमा प्रविधि, पूर्वाधार र प्रोत्साहनलाई अवलम्बन गरेको छ । पोखराको स्याटेलाइट सिटीको रूपमा फेदिखोलालाई विकास गर्ने गरी अवधारणा अघि बढाएको छ । युवा उद्यम कार्यक्रममार्फत पालिकाले समूहगतरूपमा लगानी गरेर रोजगार सिर्जना गर्ने, उत्पादनमा वृद्धि गर्ने र खाद्यान्न, तरकारी, फलफूल, मासु र अण्डामा आत्मनिर्भर हुने नीतिको अंगीकार गरेको छ । कृषि एम्बुलेन्स खरिददेखि न्यूनतम् समर्थन मूल्य निर्धारणसम्मका पहलहरू भएका छन् । पालिकाले तरकारीजन्य नगदेबाली उत्पादनमा १५ प्रतिशत अनुदान उपलब्ध गराउनुको साथै पाँचवटै वडामा कृषि संकलन केन्द्र स्थापना, सहकारीमार्फत बजारीकरण गर्ने, कृषि एम्बुलेन्स सञ्चालनसम्बन्धी कार्यविधि तयार गरी प्रयोगमा ल्याइएको, एक घर एक टनेल कार्यक्रम, तरकारी उत्पादन, बीउ उत्पादन, मौरीपालन, कागती उत्पादनका पकेट क्षेत्रहरू सञ्चालनमा ल्याएको छ भने बाँझो जग्गा आवाद प्रोत्साहन कार्यक्रमसमेत सञ्चालनमा छ । स्वास्थ्य क्षेत्रमा ज्येष्ठ नागरिक स्वास्थ स्याहारदेखि निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम लागू गरिएको छ । मासिकरूपमा ज्येष्ठ नागरिकको घरमै गएर आधारभूत स्वास्थ्य जाँच गर्ने, पूर्ण अपांग अतिविपन्न र महिला स्वास्थ्य स्वयंसेविकालाई निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरिएको छ ।

कास्कीको रूपा गाउँपालिकाले मुख्य सडकहरू सबै कालोपत्रे गरिसकिएको छ भने आन्तरिक आम्दानी बढाउन प्रयत्न गरेको छ । पालिकालाई मौरीपालनको 'हब' बनाउन लगानी गरिएको र वार्षिक आठ हजार लिटर मह उत्पादन हुने अनुमान छ । युवा र महिलालाई लक्षित गरी उद्यमशीलता कार्यक्रम सञ्चालन भएको छ । तनहुँको व्यास नगरपालिकाले कृषि, पर्यटन, शिक्षा र रोजगारीमा सिर्जनालाई प्राथमिकता दिई काम अगाडि बढाइरहेको छ । नगर प्रमुखको संयोजकत्वमा कृषि व्यवसाय प्रवर्द्धन समिति गठन गरी संघ र प्रदेश सरकारसँग समन्वयको पहलसमेत गरिरहेको छ । महर्षी वेदव्यास र परासर तपोभूमि भनेर चिनिने सेती र मादी नदीको संगमस्थल तथा व्यास गुफाका साथै चर्चित मानहुँकोटले यहाँको पर्यटकीय सम्भावना बढाएको छ ।

मनाङको नार्पाभूमि गाउँपालिकाले खासगरी पर्यटन, जडीबुटी र भौतिक पूर्वाधारमा जोड दिएको छ । यार्सागुम्बा, जिम्बुजस्ता जडीबुटीजन्य चिज उत्पादन गरी अन्यत्रसमेत बिक्री वितरण गरिने योजनासहित 'नार्पाभूमि डटकम नामक प्लेटफर्म' पनि प्रयोगमा ल्याइएको छ । नार्फु ट्रेल वा सेभन पास ट्रेल निर्माण, व्यवस्थित वस्ती विकास कार्यक्रम र नदी सफाइ कार्यक्रम पनि गाउँपालिकाले प्रारम्भ गरेको छ ।

नवलपुर जिल्लाको मध्यविन्दु नगरपालिकाले व्यावहारिक तथा व्यक्तिको आनीबानी, रहनसहन र संस्कारलाई लक्षित गरी खुसी पाठ्यक्रम प्रयोगमा ल्याएको छ । कृषि उत्पादनसँगै बजारीकरणको उचित व्यवस्था मिलाएको छ भने भूमिहीन र अव्यवस्थित बसोबासको समस्या समाधानको पहल गरेको छ । यसबाहेक डिजिटल नगरपालिकाको अवधारणासमेत प्रयोगमा ल्याइएको छ ।

**लुम्बिनी प्रदेश**

लुम्बिनी प्रदेशका १०९ स्थानीय तहमध्ये छ स्थानीय तहको संक्षिप्त विवरण समेटिएको छ । रूपन्देही जिल्लामा पर्ने कञ्चन गाउँपालिकाले वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई लक्षित गरी पुनःएकीकरण कार्यक्रम सञ्चालन गरिरहेको छ । त्यस्तै उत्पादनलाई सहयोग पुग्नेगरी 'पढ्दै कमाउँदै' कार्यक्रम दुईवटा माध्यमिक विद्यालयमा लागू भएको छ । रिड नेपाल नामक संस्थासँगको सहकार्यमा विद्यालय जान नसक्ने छात्राहरूलाई खर्चसहित सहजीकरण भइरहेको र निजका अभिभावकहरूलाई पेसा रोजगारमूलक प्रशिक्षण दिने व्यवस्था भएको । यो बाहेक आन्तरिक आम्दानी वृद्धिका लागि राजस्व सुधारको कार्ययोजना तयार हुँदै गरेको छ । पाल्पाको रिब्दीकोट गाउँपालिकाले कृषिसम्बन्धी तालिम दिनुको साथै बीउविजन संरक्षण तथा आलु उत्पादनमा जोड, नमूना फार्म स्थापना गर्न प्रोत्साहन र गोरु पाल्ने किसानलाई प्रोत्साहन भत्ता उपलब्ध गराइएको उक्त पालिकामा दुईभन्दा बढी सन्तान जन्माउने दम्पत्तीलाई प्रोत्साहन भत्तासमेत दिइएको छ ।

रूपन्देही जिल्लाको तिलोत्तमा नगरपालिकाले ' ग्रिन तिलोत्तमा, क्लिन तिलोत्तमा'को नाराअनुसार सरसफाइ र हरियाली प्रवर्द्धनका काम भइरहेको छ भने गुट्खा खैनीजन्य पदार्थ बिक्रीमा पूर्णप्रतिबन्ध लगाइएको छ । 'वातावरणमैत्री स्थानीय शासन प्रारूप, २०७८' को अवलम्बन गर्ने पालिकामा तिलोत्तमा पर्दछ । यसबाहेक आफ्नो क्षेत्रभित्रका पशु दर्ता प्रणाली लागू गरेको यस पालिकाले गुनासो समाधानका लागि 'हेलो तिलोत्तमा' कार्यक्रम सञ्चालन गरेको छ । रोजगारी सिर्जनामा जोड दिएको यस स्थानीय सरकारमा स्रोत श्रमशक्ति पुँजी प्रविधिको एकीकृत परिचालनको अवधारणासमेत अघि सारिएको र लगानी सम्मेलनको आयोजना पनि भएको थियो । बाँकेको खजुरा गाउँपालिकाले कृषिमा व्यावसायीकरण गर्नुको साथै शीतभण्डार स्थापना, पशु रोग नियन्त्रणका लागि प्राविधिक टोली परिचालन गरेको छ ।

अर्घाखाँचीको सन्धीखर्क नगरपालिकाले सहरी शासकीय पूर्वाधार विकास कार्यक्रम लागू गरेको छ । कृषिलाई पहिलो प्राथमिकता दिँदै कृषि वैज्ञानिकको सम्मान गर्ने अवधारणा ल्याएको छ । 'आफ्नो बजार आफ्नो उत्पादन, स्मार्ट गाउँ किसान' कार्यक्रम गरी रोजगारी सिर्जना तथा आयआर्जनमा जोड दिएको छ । पाल्पाको बगनासकाली गाउँपालिकाले बाँदर आतंक नियन्त्रणका लागि भारतबाट विज्ञ टिम ल्याएर समेत प्रयत्न भएको देखिन्छ । अपांगता भएका व्यक्तिका लागि पालिका संरक्षक रहने घोषणा भएको र संघ र प्रदेशसँगको सहकार्यमा मकै प्रवर्द्धन, अदुवा, सुन्तला, तोरी र मौरीपालन कार्यक्रम सञ्चालन गरेको छ ।

**कर्णाली प्रदेश**

कर्णाली प्रदेशका ७९ स्थानीय तहमध्ये सुर्खेतको बराहताल गाउँपालिकाले बड्डीचौरस्थित जनज्योति माध्यमिक विद्यालयले प्राविधिक धारका विद्यार्थीलाई व्यवसाय तथा रोजगारीमा आबद्ध गर्ने गरी 'पढ्दै कमाउँदै' अभियानलाई सफल प्रयोगमा ल्याएको छ । डोल्पा जिल्लाको ठूलीभेरी नगरपालिकाले विपन्न दलित महिला बालबालिकालाई स्वास्थ्य उपचार खर्चको २५ प्रतिशत छुट दिएको छ भने संघ र प्रदेशसँगको समन्वयमा आँखेखोला लघु जलविद्युत् आयोजना अघि बढाएको छ । जुम्लाको हिमा गाउँपालिकाले 'ग्रिन रिभर, ग्रिन रोड'को अवधारणा अघि सारेको छ भने आन्तरिक स्रोत बढाउन कृषि, पशुपालन, पर्यटन र जडीबुटीको माध्यमबाट रोजगारी सिर्जनामा जोड दिएको छ ।

पश्चिम रुकुमको चौरजहारी नगरपालिकाले उत्पादन र स्वरोजगारमा विशेष प्राथमिकता दिएको छ, कृषि व्यवसायमा नाफा हुनेमा किसान आफैंले र घाटा हुनेमा नगरपालिकाले बेहोर्ने मोडल प्रयोगमा ल्याएको छ भने चिस्यान केन्द्र स्थापना गरेको छ । त्यस्तै विद्युत् स्वच्छ खानेपानी, सडक र स्वरोजगार सिर्जनालाई उत्पादनसँग जोड्ने गरी चार प्रतिबद्धताअनुरूप काम भइरहेको छ । पालिकाभित्रका दीर्घरोगीलाई मासिक पाँच हजार रूपैयाँ उपचार खर्च उपलब्ध गराएको छ । सल्यानको शारदा नगरपालिकाले खुकुरी र अदुवाको ब्राण्डिङ गर्ने कार्यक्रम थालनी गरेको छ । त्यस्तै खैरावाङ र श्रीनगरलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने गरी कामहरू भइरहेको छ ।

जाजरकोटको नलगाढ नगरपालिकाले लसुन, मह, सुन्तला र तोरी प्रमुख आयस्रोतका रूपमा परिभाषित गरेको छ, कृषि पशुपालन र पर्यटन प्रवर्द्धनलाई जोड दिएको छ भने तीनै तहको सहकार्यबाट नलगाड जलविद्युत् आयोजनाको डिपिआर तयार भएको जनाएको छ । हुम्लाको खार्पुनाथ गाउँपालिकाले सबै आधारभूत विद्यालयहरूमा ब्रोडब्याण्ड इन्टरनेट सेवा जडान गरिसकेको छ । मौलिक र रैथानै बाली उत्पादन वृद्धि तथा बिक्रीवितरणको व्यवस्था, पाँच लाखभन्दा सानो बजेटको योजनामा लगानी नगर्ने नीतिसमेत लिएको छ । रुकुम पश्चिमको मुसिकोट नगरपालिकाले तरकारीको बीउ उत्पादन, लसुन र आलु उत्पादन प्रवर्द्धनमा जोड दिएको छ । मानसिक स्वास्थ्यलाई ध्यान दिई मनोपरामर्शकर्ताको प्रयोग गरिएको छ ।

दैलेखको दुल्लु नगरपालिकाले शिक्षा, स्वास्थ्य, पर्यटन पूर्वाधारलाई प्राथमिकता दिएर काम गरिरहेको छ । पञ्चकोशी क्षेत्र अर्थात् शिरस्थान, नाभिस्थान, पादुकाको पर्यटन पूर्वाधार विकासका लागि लगानी गरेको छ । खस राजा नागराजको शीतकालीन राजधानी रहेको स्थान भएको हुँदा ऐतिहासिक, सांस्कृतिक महत्त्वका कारण पर्यटकीय सम्भावना रहेको छ । मुगुको मुगमकार्मारोङ गाउँपालिकाले छायानाथ मन्दिर, तामाखानी, गुम्बाघर यहाँका पहिचान गरी संरक्षणका कार्य गरिरहेको छ । यार्सागुम्बाको व्यावसायिक प्रयोगमा जोड दिएको छ । सल्यानको कपुरकोट गाउँपालिकाले बेमौसमी तरकारी, जडीबुटी, फलफूल, मसलावालीमा ध्यान केन्द्रित गरेको छ । सरसफाइ, संरचना निर्माण तथा मर्मत, सामाजिक जागरण र शैक्षिक जागरण समेटिइएको कपुरकोट जागरण अभियान सञ्चालन हुँदै आएको छ भने सुशासन कायम गर्न शून्य बेरुजु र पारदर्शी कार्य सञ्चालनमा जोड दिएको छ ।

**सुदूरपश्चिम प्रदेश**

यो प्रदेशमा रहेका ८८ तहमध्ये बाजुराको बूढीगंगा नगरपालिकाले 'विकास कचहरि' को अवधारणा प्रयोगमा ल्याएको छ । प्रत्येक वडामा दुईवटाका दरले आधुनिक कृषि फार्म सञ्चालन, एक वडा एक प्राविधिकको अवधारणा प्रयोगमा ल्याउनुको साथै सुन्तला, कागती र लिची खेतीमा जोड दिइएको छ । यसबाहेक खानेपानी समस्या समाधान र खेलकुद पूर्वाधार निर्माणलाई वार्षिक कार्यक्रममा समेटेको छ । अछामको चौपाटा गाउँपालिकाले गर्भवती तथा सुत्केरीलाई घरबाट स्वास्थ्य संस्थासम्म निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराएको छ । माटो परीक्षण गरी फलफूल एवं तरकारी खेतीका लागि सीपमूलक र व्यावसायिक तालिमको साथै विद्यालयमा दिवा खाजाको रूपमा कोदोको पुवा खुवाउने र कोदोसँग तराईको चामल साट्ने अवधारणा ल्याएको छ ।

अछामको ढकारी गाउँपालिकाले चालु आवभित्र सबै घरमा विद्युत् जडान गर्ने भएको छ । गर्भवती महिलालाई मासिक एक हजार रूपैयाँ पोषणभत्ता उपलब्ध गराइएको छ । रोजगारमूलक तालिम, शिक्षा र स्वास्थ्य सुविधामा प्राथमिकता दिएको छ । कैलालीको भजनी गाउँपालिकाले सिँचाइका लागि विद्युत् सुविधा प्रदान गर्ने, डुबानमा पर्ने वस्तीलाई उँचो स्थानमा घर बनाउन सहजीकरण गर्ने, व्यावसायिक माछापालनका लागि प्राविधिक सहयोग गर्ने, बेलको जुस बनाउने उद्योग सञ्चालनमा जोड दिएको छ ।

बैतडीको दशरथचन्द नगरपालिकाले शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा जोड दिएर काम गरिरहेको छ । त्रिपुरासुन्दरी, निंगलासैनी, ग्वाल्लेकेदारलाई लक्षित गरी धार्मिक आवासगृह सञ्चालन गरिरहेको छ । 'हामी बनाउँछौ हाम्रो नगर' भन्ने नाराका साथ काम भइरहेको छ । कैलालीको टीकापुर नगरपालिकालाई सुन्दर पार्क, केरा खेती र डल्फिन पालनको रूपमा पनि चिनिन्छ । यहाँको मोहना नदीमा डल्फिनपालन भइरहेको छ । उज्यालो टीकापुर कार्यक्रम, समुदायमा आधारित कृषि तथा पर्यटन परियोजना, साढे चार करोड रूपैयाँमा बनेको केरा पकाउने च्याम्वर सञ्चालन गर्नुका साथै पर्यटन र कृषिको विकास र सामाजिक सद्भावमा जोड दिइएको छ । *रासस*

# भाडा नउठ्दा बाल मन्दिरलाई खर्च धान्न मुस्किल




■ टीकाराम सुनार/चन्दन ठाकुर

**जनकपुरधाम–** जिल्ला बाल संगठन धनुषाको स्वामित्वमा रहेको जनकपुरधामस्थित श्री आधारभूत विद्यालय (बाल मन्दिर) बारे जानकारी नभएका सायद कोही होलान् । वि.सं. २०३३ देखि सञ्चालित बाल मन्दिरले गरिब तथा असहाय बालबालिकाको पठनपाठन र लालनपालनको जिम्मेवारीसमेत सम्हाल्दै आएकाले पनि परिचित थियो । तर, वि.सं. २०७४ पछि भने यहाँ अन्य सार्वजनिक सामुदायिक विद्यालयमा जस्तै नियमित पठनपाठनमात्रै भइरहेको छ ।

कक्षा ७ सम्म अध्ययन अध्यापन हुने बाल मन्दिरमा अहिले २६४ विद्यार्थी छन् । त्यसैगरी प्राविमा तीन, निमाविमा एक, बाल विकासमा दुई, स्वयंसेवक दुई र कार्यालय सहयोगी एक जना गरी नौ शिक्षक कर्मचारी कार्यरत छन् । यसमध्ये प्राविका तीन स्थायी शिक्षकबाहेक छ जना करारमा काम गरिरहेका छन् । करारमा काम गर्ने छमध्ये सहयोगीसहित तीन (दुई स्वयंसेवकसहित) को तलब बाल मन्दिर आफैंले व्यवस्थापन गर्नुपर्ने जिम्मेवारी छ ।

कुनै बेला जनकपुर क्षेत्रमा प्रसिद्ध यो बाल मन्दिर पछिल्लो समय भने समस्याले घेरिँदै छ । आर्थिक अभावले शैक्षिक सुधारका क्रियाकलाप सञ्चालन गर्न नसक्दा विद्यार्थी घट्दो क्रममा छन् । आन्तरिक स्रोतबाट व्यवस्थापन गर्नुपर्ने कर्मचारीलाई तलब खुवाउनै मुस्किल छ । रेखदेख, नियमन र व्यवस्थापनका लागि वि.सं. २०७४ मा पुरानो समिति विघटन भएपछि अभिभावकत्व निर्वाह गर्ने कुनै समिति छैन । यसले गर्दा समस्यामाथि समस्या छन् । आर्थिक अभावले अतिरिक्त शैक्षिक गतिविधि सञ्चालन र कर्मचारीलाई तलब खुवाउन समस्या भोगिरहेको यस विद्यालयमा आन्दानीको आन्तरिक स्रोत नभएको पनि होइन, वार्षिक छ लाखभन्दा बढी त भाडा रकम मात्रै उठ्नुपर्नेछ । तर त्यसरी भाडा तिर्ने सहमतिसहित बाल मन्दिरकै संरचनामा उच्च तहको शिक्षा दिइरहेको एउटा निजी क्याम्पसले नियमितरूपमा भाडा नतिर्दा निकै समस्या भएको प्रधानाध्यापक श्यामप्रसाद साहले जानकारी दिए ।

बाल मन्दिरकै संरचनामा विगत करिब २५ वर्षदेखि भाडामा सञ्चालित सो पब्लिक युथ क्याम्पसले भाडाबापतको करिब ३४ लाख रूपैयाँ बक्यौता तिर्न बाँकी हुँदा शैक्षिक सुधारका क्रियाकलाप सञ्चालन र विगत छ/सात महिनादेखि आन्तरिक स्रोततर्फका कर्मचारीलाई तलब खुवाउनसमेत नसकेको उनको गुनासो छ । यसले गर्दा गुणस्तरीय शिक्षण सिकाइ र अतिरिक्त क्रियाकलाप सञ्चालन हुन नसक्दा भएकै विद्यार्थी पनि घट्दो अवस्थामा रहेका र तलब खुवाउन नसक्दा शिक्षक पनि निराश रहेका उनले बताए ।

'कुनै बेला गरिब र असहायको सहरा बाल मन्दिर अहिले आफैं अरुको सहारामा बाँच्नुपर्ने अवस्था आएको छ । न्यूनतम खर्चको व्यवस्थापन सरकारले गरिदिएको भए पनि अरु क्रियाकलाप सञ्चालनका लागि आर्थिक अभाव छ । भाडामा दिएको क्याम्पसले वर्षौंदेखिको दायित्व भुक्तानी गरेको छैन । यस विषयमा जिल्ला प्रशासन कार्यालय, समन्वय समितिलगायतलाई गुहार्दा पनि समस्या समाधान भएन । यसले गर्दा हामी निराश छौं,' प्रधानाध्यापक साहले भने ।

जिल्ला बाल संगठनका पूर्वअध्यक्ष रामरतन मिश्रले पवित्र सामाजिक कार्य गर्ने उद्देश्यसहित स्थापित बाल मन्दिरको संरचना प्रयोग गरेर भाडा नतिर्नु दुःखद् भएको बताए । वि.सं. २०७४ अघिसम्म आफू अध्यक्ष हुँदा पनि भाडा असुल गर्न समस्या हुने गरेको स्मरण गर्दै उनले अहिले ३४ लाखभन्दा बढी भुक्तानी नगरेको सुन्दा नरमाइलो लागेको बताए ।

'म अध्यक्ष भएकै बेला तत्कालीन सरकारले समिति विघटन गरी देशैभरि बाल संगठनमा नियुक्त गऱ्यो । त्यसपछि त भाडा रकम भुक्तानीलगायतका समस्या समाधान भए होलान् ठानेको थिएँ तर समस्या झन् बल्झिएको सुन्दा नरमाइलो लागेको छ,' पूर्वअध्यक्ष मिश्रले भने, 'विघटन राजनीतिक कुरा भयो तर त्यसपछि बाल संगठनलाई व्यवस्थित गर्नुपर्थ्यो, भएन । लामो इतिहास र सामाजिक महत्त्व बोकेको संस्थालाई व्यक्तिगत लाभका लागि प्रयोग गर्ने र त्यसलाई समस्यामा पार्ने काम कसैले गर्नुहुँदैन ।'

त्यसैगरी जिल्ला समन्वय समिति धनुषाका संयोजक राजनन्दन मण्डलले बाल मन्दिरले भाडा असुलीका लागि सहजीकरण गरिदिन भनी जिल्ला प्रशासनलाई पठाएको पत्रको बोधार्थ प्राप्त भएपछि समन्वयको प्रयास गर्दा पनि निकास ननिस्किएको बताए । उनले पब्लिक युथ क्याम्पस व्यवस्थापन पक्षलाई भुक्तानीका लागि समय तोकेर कबुल गर्दा पनि सोअनुसार नभएको बताए । 'यस विषयमा कुरा हुँदा पटक-पटकको भाका सारेर भदौ १५ भित्र जसरी पनि बक्यौता भुक्तानी गर्ने र तत्काललाई शिक्षकको तलब खुवाउन पुग्ने पैसा दिन निर्देशन भएको थियो तर अहिलेसम्म त्यसको पालना भएन,' उनले भने, 'अब प्रमुख जिल्ला अधिकारीसँग बसेर गम्भीररूपमा छलफल गरी समस्या समाधानको उपाय खोज्नुपर्ने निष्कर्षमा हामी पुगेका छौं ।'

पब्लिक युथ क्याम्पसमा स्नातकसम्मको पढाइ हुन्छ । जहाँ करिब ५०० विद्यार्थी छन् । बाल मन्दिरका १४ कोठा पूर्णकालीन रूपमा र पाँच कोठा बिहान छ बजेदेखि ९:४५ बजेसम्म प्रयोग गर्ने गरी वि.सं. २०७२ साउन १ गतेदेखि लागू हुनेगरी अन्तिमपटक जिल्ला बाल संगठनका तत्कालीन अध्यक्ष रामनरेश मिश्र र क्याम्पस सञ्चालक शिवनारायण झाबीच सम्झौता भएको थियो । सम्झौतानुसार प्रत्येक वर्ष १० प्रतिशतका दरले बढ्ने गरी सुरुमा वार्षिक चार लाख ८० हजार रूपैयाँ भाडा तय भएकामा अहिले त्यो दर छ लाख ३८ हजार रूपैयाँ पुगेको छ । पब्लिक युथ क्याम्पसले थप बिजुली, पानी र टेलिफोनकोसमेत शुल्क तिर्ने सम्झौता छ । तर, यो सबै गरी हालसम्म ३४ लाखभन्दा बढी रकम बक्यौता रहेको बाल मन्दिर व्यवस्थापन पक्षको छ ।

युथ क्याम्पसका सञ्चालक शिवनारायण झा भने क्याम्पस सञ्चालनका लागि भौतिक संरचना निर्माण र अन्य व्यवस्थापकीय काममासमेत लगानी गरेकाले बाल मन्दिरले दावी गरेजति बक्यौता रकम तिर्न बाँकी नरहेको दाबी गर्छन् । उनका अनुसार संरचना निर्माण, कोभिड महामारीका बेला आठ महिनाको भाडा मिनाहा गर्ने निर्णय कार्यान्वयन र बीचबीचमा भुक्तानी गरेको रकमको हिसाब गर्दा धेरै बक्यौता छैन । 'मेरो अरु व्यापार व्यवसायका सन्दर्भमा भएको कानुनी झमेलाका कारण अहिले प्रत्यक्षरूपमा क्याम्पस प्रशासन हेर्न पाइरहेको छैन । हाम्रो पक्षबाट केही कमजोरी पक्कै भएका छन् तर बाल मन्दिरले भने जति रकम तिर्न बाँकी छैन । अब दसैंअगाडि नै हिसाब किताब गरेर समस्या समाधान गर्ने मेरो प्रयास छ ।'

बाल मन्दिरका प्रधानाध्यापक साह आफू जिम्मेवारीमा आउनुभन्दा पहिले अर्थात् आव २०७८/७९ सम्मको असुलउपर गर्नुपर्ने भाडाबापतको दायित्व २१ लाख ८९ हजार रूपैयाँ, आव ०७९/८० को छ लाख ३८ हजार रूपैयाँ र छ लाख रूपैयाँभन्दा बढी विद्युत् महसुल तिर्न बाँकी रहेको बताउँछन् । 'भुक्तानीका विषयमा पटक-पटक कुरा भएको छ । यो एकाएक आएको विषय होइन । उनीहरूले पनि हामी दिन्छौं भनेर भनेको वर्षौं भइसक्यो । कर्मचारीले तलबै खान नपाउने भएपछि अब विद्यालयको पठनपाठन नै प्रभावित हुने अवस्था आइसक्यो । त्यसैले यो समस्या तत्काल समाधान गर्न आग्रह गर्दछु,' उनले भने ।

वि.सं. २०७४ मा बाल संगठन जिल्ला समिति विघटन गरिएपछि व्यवस्थापकीय जिम्मेवारी बहन गर्ने ठोस संरचना छैन । यसका कारण विद्यालयमा बेलाबेला आउने समस्या समाधानमा कठिनाइ हुने गरेको छ । अधिकार सम्पन्न समिति नहुँला वर्षौंदेखि लाखौं रकम बक्यौता र आर्थिक अभावमा स्वयंसेवक शिक्षकको तलब तथा न्यूनतम आवश्यकता पूर्ति गर्न नसक्दासमेत समस्या समाधानको ठोस पहल गर्न नसकिएको सरोकारवालाको बुझाइ छ । *रासस*

# धौलागिरी अस्पतालमा सिटी स्क्यान सेवा



**ढोरपाटन (प्रस)–** बागलुङको धौलागिरी अस्पतालमा सिटी स्क्यान सेवा सुरु भएको छ । गत साउनमा आवश्यक उपकरण भित्रिएपछि जनशक्ति व्यवस्थापन गरी पहिलोपटक बागलुङमा सिटिस्क्यान सेवा सुरु भएको हो ।

धौलागिरी अस्पतालमा सिटी स्क्यानको सेवा सञ्चालनले बागलुङ, मुस्ताङ, म्याग्दी र पर्वतवासीलाई सहज हुनेछ । गण्डकी प्रदेश सरकारले यसका लागि गत आर्थिक वर्ष २०७९/८० मा १० करोड रूपैयाँ बजेट विनियोजन गरको थियो ।

धौलागिरी अस्पताललाई स्तरोन्नति गरी गण्डकी प्रदेश सरकारले २०० शयचाको उपप्रादेशिक अस्पताल बनाउने योजनाअन्तर्गत उपकरण थप गरेको हो । पछिल्लो समय धौलागिरी अस्पतालले दैनिक औसतमा ५०० बिरामीलाई सेवा प्रदान गर्दै आएको छ ।

सिटी स्क्यान सेवाको शुभारम्भ गर्दै गण्डकी प्रदेश सरकारका सामाजिक विकास तथा स्वास्थ्यमन्त्री सुशिला सिंखडाले स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउनका लागि प्रदेश सरकार तयार रहेको विश्वास व्यक्त गरे । प्रदेश सरकारले गोरखा र बागलुङको अस्पताललाई प्राथमिकतामा राखेर काम गरिएको उनको भनाइ छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Al Bilad Factory for Polyethylene and Polypropylene Pipes

पुर्व स्वीकृति मिति २०८०/०६/१२ | LT. No. 293258 | चलानी नं. ६०२०८४१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | manufacturing labour | 10 | 0 | 1000 | ३५५०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८० असोज २१ गते (8th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. Licence No.: 1312/074/75

**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com



## Invitation for E-Bids

**Rajdevi Municipality**
**Office of the Municipal Executive**
**Rajdevi, Rautahat**
**Madhesh Pradesh, Nepal**

**Invitation for Bids No: 01/RM/NCB/080-081**

**Date of first publication: 2080/06/14 (1st Oct. 2023)**

1. **Rajdevi Municipality** invites electronic bids from Nepalese eligible bidders for the construction of Municipality Office building in Rajdevi Municipality, Rautahat under National Competitive Bidding -Single Stage Two Envelope Bidding procedures. The estimated amount for the works is as mentioned below.

| Contract Identification No. | Description and Location of work | Bid Validity Period (Days) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|
| 01/RM/NCB/080-081 | Construction of Administrative building in Rajdevi Municipality, Rajdevi, Rautahat | 120 | 35,00,000.00 | 10,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents by visiting PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the PPMO website www.bolpatra.gov.np/egp by eligible Bidders.
   Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal Bank Limited, Rajdevi Branch, Rautahat
   Name of Office: Rajdevi Municipality, Rajdevi, Rautahat
   Office Code no. : 801022015
   Office Account no.: 26203000001001000001
   Rajaswa (revenue) Shirshak no. : 14229
4. Only eligible bidders with the following key qualifications should participate in this bidding:
   Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs. 9,00,00,000.00
   Minimum Work experience of similar size and nature: Participation as Prime contractor, management contractor, or subcontractor, atleast two (2) Administrative Buildings or Similar Contract within the last ten (10) years, with a value of at least NRs 7,15,00,000.00
5. Pre-bid meeting and Site Visit shall be held at Rajdevi Municipality, Rajdevi, Rautahat at 13:00 Hours 2080/06/26 BS (13th Oct. 2023).
6. Electronic bids must be submitted to the office Rajdevi Municipality, Rajdevi, Rautahat through PPMO website www.bolpatra.gov.np/egp on or before BS 2080/07/14 (31st Oct. 2023) till 12:00 hours. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend BS 2080/07/14 (31st Oct. 2023) **at 14:00 hours** at the office of **Rajdevi Municipality** Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **as mentioned in above table**, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# प्रभाव दैनिक

आइतबार, १४ असोज २०८० (Sunday, October 1, 2023)


## अधिकारीको 'आज किन' सार्वजनिक

विगत १४ वर्षदेखि अमेरिकामा बस्दै आएका गायक सरोज अधिकारीले गीत सङ्गीतलाई निरन्तरता दिँदै नयाँ गीत 'आज किन" को भिडियो सार्वजनिक गरेका छन्। यो गीतको भिडियोलाई उनले आफ्नै युट्युब च्यानलबाट सार्वजनिक गरेका छन्। सार्वजनिक गीतमा शब्द तथा सङ्गीत प्रकाश बस्यालको रहेको छ। हास्य कलाकार गोपाल नेपाल फिस्टेको निर्देशन रहेको यो गीतको छायांकन अमेरिकाको केन्टकी राज्यको लेन्जिनटन वरिपरि र केही छायांकन भारतमा गरिएको हो। गीत जस्तै भिडियो पनि आकर्षक बनेको छ। लामो समय देखि अमेरिकाको केन्टकीमा रहेर पनि आफ्नो गीत सङ्गीतलाई भने सरोजले निरन्तरता दिँदै आएका छन्।



# थापाको 'तिमीलाई म कति माया गर्छु' सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं–** शंकर थापा 'स्माइल'को गीत 'तिमीलाई म कति माया गर्छु'को अडियो भिडियो सार्वजनिक गरिएको छ। शनिबार राजधानीमा आयोजित एक कार्यक्रमका बिच प्रमुख अतिथी संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव प्रगती महरा, बरिष्ठ संगीतकार राजु सिंह, संगीतकार संघ नेपालका अध्यक्ष चेतन सापकोटा, चर्चित गायक शिव परियार, राइट ट्युनका कार्यकारी निर्देशक गणेश शाही र संगीतकार तथा गायक शंकर थापा 'स्माइल' लगायतले संयुक्त रूपमा गीत सार्वजनिक गरेका हुन्।

शंकर थापा 'स्माइल'को संगीत रहेको गीतमा संगीतकार स्वयम् र अञ्जु पन्तको स्वर र प्रलाद शाहको शब्द रहेको छ। यस्तै माधव शर्माले निर्देशन गरेको गीतको भिडियोमा लाइन र लालना चिमरियाको अभिनय, नवराज उप्रेतिको छायाँकन, विकास दाहालको सम्पादन र सन्तोष राजवहाकको कोरियोग्राफी रहेको छ।

कार्यक्रममा बोल्दै संगीतकार थापाले गीतलाई उत्कृष्ट बनाउन हरसम्भव कोसिस गरेको भन्दै अब दर्शक तथा समिक्षकबाट प्राप्त हरेक प्रतिक्रिया आफ्नालाई स्वीकार्य हुने बताएका छन्। यस्तै प्रमुख अतिथी सदस्य सचिव महराले आफुले संगीतकार थापाका गीतहरू सुन्ने गरेको भन्दै यो गीत पनि निकै मन परेको जनाइन। उनले थापा जस्ता अथाह प्रतिभाका धनी संगीतकारहरूलाई कसरी राज्यले थप सेवा सुविधा प्रदान गर्दै संरक्षण गर्न सक्छ त्यसमा आफु लागिपर्ने प्रतिवद्धता समेत जनाएकी छिन। गायिका समेत रहेकी सदस्य सचिव महराले संगीतकार थापाको सृजना गीतमा प्राण भर्न सफल रहने गरेको भन्दै मुक्त कण्ठले प्रसंसा समेत गरेकी छिन।

कार्यक्रममा सम्बोधन गर्दै बरिष्ठ संगीतकार राजु सिंहले आफु संगीतकार थापाको ठुलो प्रसंसक रहेको जनाए। जहिले पनि केही न केही नविनतम् सृजना पस्कने थापाको खुबी रहेको भन्दै उनले भने - 'संगीतमा साधना र संस्कारले ठुलो अर्थ राख्छ, यि सबै कुरा संगीतकार थापामा छ। उनको साधना र तपस्या संगीतमा झल्कने गरेको छ।'

यस्तै संगीतकार संघ नेपालका अध्यक्ष चेतन सापकोटाले थापा संगीतकार संघले मात्र नभएर सिङ्गो नेपाली संगीतले नै गर्व गर्ने संगीतकार भएको बताए। जस्तो सुकै परिस्थितिमा पनि निरन्तर संगीतमै सक्रिय रहेको भन्दै उनले संगीतकार थापा सक्रिय मात्र नभएर उत्कृष्ट संगीत साधक भएको पनि बताए।

यस्तै चर्चित गायक शिव परियारले आफु संगीतकार थापाको सृजनाको फ्यान भएको जनाए। केही गीतमा सहकार्य समेत गरेको भन्दै शिवले आफु उनको संगीतमा गीत गाउन सधै आतुर रहेको समेत बताए। संगीत पढेर, बुझेर सृजनामा लागेकोले पनि उनको सृजनामा संगीत प्रतिको सर्मपण झल्कने उनी बताउँछन्। यस्तै गायक परियारले कलाकार चिमरियाको प्रसंसा गर्दै नेपाली म्युजिक भिडियो क्षेत्रले एउटा राम्रो कलाकार पाएको जनाए।

कार्यक्रममा संगीत गुरु श्री केसी, फिल्म सोसाइटी नेपालका महासचिव राजेश बिसुराल, राष्ट्रिय लोक साँस्कृतिक संघका महासचिव योगेन्द्र उपाध्याय, व्युटि पेजेण्ट एसोसियसनका महासचिव निशु कान्त झा, चलचित्र पत्रकार संघका महासचिव रघुनाथ सापकोटालगायतको उपस्थिति रहेको थियो। कार्यक्रमका सभापति राइट ट्युनका कार्यकारी निर्देशक शाहीले आफुलाई संगीतकार थापाको सृजना मन परेकैले आफ्नो कम्पनीले लगानी गरेको जनाए। उनले आफ्नो कम्पनीले उत्कृष्ट सृजना गर्ने हरेक श्रष्टासँग सहकार्य गर्दै अघि बढ्ने समेत बताए।

# पुरस्कार रकम सर्पपीडितलाई सहयोग



■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र पत्रकार बिष्णु प्रसाद सुवेदीले पुरस्कार वापतको रकम सर्प पिडितको सहयोगार्थ हस्तान्तरण गरेका छन्। राजधानीमा सम्पन्न चौथो म्युजिक एण्ड फेसन अवार्ड २०२३ मा 'सर्वोत्कृष्ट चलचित्र पत्रकारिता पुरस्कार'बाट पुरस्कृत सुबेदीले पुरस्कार वापत प्राप्त ११ हजार एक सय ११ रूपैयाँ सर्प पिडितको सहयोगार्थ हस्तान्तरण गरेका हुन्।

प्रमुख अतिथी पूर्व प्रधानमन्त्री झलनाथ खनालको हातबाट पुरस्कार ग्रहण गरे लगत्तै सुबेदीले सोही समारोहमा सिन्धुलीका सर्प पिडितको सहयोगार्थ पत्रकार डब्बु क्षेत्रीलाई उक्त रकम हस्तान्तरण गरेका हुन्। सिन्धुली स्थायी घर भएका क्षेत्री मार्फत नै त्यहाँका सर्प पिडितको अवस्थाबारे थाहा पाएको बताउँदै सुबेदीले उपयुक्त तरिकाले पिडितको राहतका लागि रकम खर्च गर्न क्षेत्रीलाई नै जिम्मा दिएका थिए।

झण्डै दुई दशक लामो समय देखि निरन्तर रूपमा पत्रकारिता गर्दै आएका सुबेदीले पुरस्कार वापत प्राप्त रकम यसै गरि समाजिक कार्यमा खर्च गर्दै आएका छन्। पत्रकार सुबेदी लेन्सनेपाल डटकमका सम्पादक हुन्। समारोहमा अग्रज पत्रकार मदन कुमार श्रेष्ठलाई 'बिशिष्ठ पत्रकारिता सम्मान' र पत्रकार अखण्ड भण्डारीलाई 'राष्ट्रिय पत्रकारिता सम्मान' अर्पण गरिएको थियो।

## परदेशी–२ बाग्लुङमा प्रिमियर

**बाग्लुङ (प्रस)–** गायनमा जमेका अभिनेता प्रकास सपुतको डेव्यु सिनेमा 'परदेशी २'को बाग्लुङमा प्रिमियर गरिएको छ। बिएसआर मुभिजमा आयोजित प्रिमियर शोमा काठमाडौं बाट उपस्थित केही पत्रकार र स्थानिय दर्शकको बाक्लो उपस्थिति रहेको थियो। निर्देशक नारायण रायमाझी, कलाकारहरू प्रकाश र केकी अधिकारीसहित सञ्चारकर्मीको उपस्थितिमा सिनेमाको प्रथम प्रदर्शनी गरियो। प्रिमियरअघि 'परदेशी २' को टिमलाई स्थानीय लोकतान्त्रिक चोकबाट बागलुङ नगरप्रमुख वसन्तकुमार श्रेष्ठ, नगर उपप्रमुख राजु खड्का लगायतका जनप्रतिनिधिले पुष्पगुच्छाले स्वागत गरेका थिए।

## ३५ जना अनाथ बालबालिकाले सार्वजनिक गरे पाख्रिनको 'धुन'

**काठमाडौं (प्रस)–** गायिका रमला पाख्रिनको गीत 'धुन' सार्वजनिक गरिएको छ। एकिकृत समृद्धि नेपाल बाल आश्रममा आश्रीत अनाथ बालबालिकाको हातबाट पाख्रिनको गीत बिमोचन गरिएको हो।

शुक्रबार काठमाडौंको तारकेश्वरमा अवस्थित आश्रममा आश्रीत ३५ जना बालबालिका र गायिका पाख्रिनले संयुक्त रूपमा गीत सार्वजनिक गरेका हुन्। सो अवसरमा पाख्रिनले आफ्नो गीत गाएर सुनाएकी थिइन भने बालबालिकाहरू नाचगान गरेर रमाएका थिए।

द्वन्द्व पिडित तथा अति विपन्न अनाथ बालबालिकालाई आश्रय दिइरहेको आश्रममा १४ जिल्लाका बिभिन्न उमेर समुहका बालबालिकाहरू रहेका छन्। बिगत १३ वर्ष देखि सञ्चालनमा रहेको आश्रमले नै उनीहरूको शिक्षा सहित गाँसबासको व्यवस्था गर्दै आएको छ। गीत सार्वजनिक गर्दै गायिका पाख्रिनले आश्रमका लागि झण्डै एक महिना पुग्ने खाद्यान्न समेत हस्तान्तरण गरेकी थिइन। गायिका पाख्रिनको यो कदमले आफुहरूको पवित्र समाज सेवामा थप हौसला मिलेको संस्थाका अध्यक्ष भिम रोका मगरले बताएका छन्।

सार्वजनिक गीतमा पाख्रिन र कमल खत्रीको स्वर र खत्रीकै शब्द तथा संगीत रहेको छ। यस्तै राजेश पुमा राईले निर्देशन गरेको भिडियोमा मिरुना मगर र गणेशमान घलेको अभिनय, उत्सव दाहालको छायाँकन र विकास दाहालको सम्पादन रहेको छ।


लोक भाकाका बिभिन्न बिधाका छ सय भन्दा बढी गीतमा स्वर दिएकी पाख्रिनका चर्चित गीतहरूमा 'लाकपर योन्दोङ्ग', 'साइकोले कोऊ', 'रन्दा तपरिम', 'शिरैमा सिरफुल', 'सोह्र नपुग्दै'लगायत रहेका छन्।



### साफ यू-१९ च्यापियनसिप

# उपाधिमा भारतको हयाट्रिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** यू-१९ साफ च्याम्पियनसिपको उपाधि भारतले जितेको छ। शनिबार भएको फाइनलमा पाकिस्तानलाई हराउँदै भारतले उपाधि उचालेको हो।

दशरथ रंगशालामा भएको फाइनल खेलमा भारतले पाकिस्तानलाई ३-० गोल अन्तरले हराएको हो। खेलको ६३ मिनेटसम्म भारतलाई रोकेको पाकिस्तानले त्यसपछि तीन गोल ब्यहोर्न पुग्यो। खेलको ६४ औं मिनेटमा किपगेनले गोल गर्दै भारतलाई अग्रता दिलाए। डिबक्स बाहिरबाट उनले गरेको प्रहार गोलमा परिणत बनेको थियो।

खेलको ८५ औं मिनेटमा किपगेनले फ्रिकिकमार्फत ब्यक्तिगत दोस्रो गोल गर्दै भारतलाई जितको नजिक पुऱ्याएका थिए। इन्जुरी समयमा उनै किपगेनको क्रसमा डिबक्सभित्र रहेका गोगमसर गोयारीले हेडमार्फत गोल गर्दै भारतलाई ३-० को जित दिलाए। सेमिफाइनलमा सडनडेथमा जित निकाल्दै दुवै टिम फाइनल पुगेका थिए। तर फाइनलमा पाकिस्तानले भारतलाई कुनै चुनौती पेश गर्न भने सकेन।

खेल अवधिभर हाबी देखिएको भारतले फाइनल खेलमा सहजै पाकिस्तानलाई पराजित गरेको हो।

## प्रदेशस्तरीय ब्याडमिन्टनमा खड्का र कार्की विजयी

**म्याग्दी (प्रस)–** म्याग्दीको बेनीमा आज सम्पन्न गण्डकी प्रदेशस्तरीय ब्याडमिन्टन प्रतियोगिताको खुला पुरुषतर्फको उपाधि कास्की पोखराका विशाल खड्का र मनोहर कार्कीको जोडीले जितेका छन्। म्याग्दी कोरला यातायात प्रालिले आयोजना गरेको दोस्रो कोरला कप ब्याडमिन्टन प्रतियोगिताको फाइनलमा कास्कीका विशाल बस्नेत र आशिष श्रेष्ठको जोडीलाई पराजित गर्दै खड्का र कार्की च्याम्पियन बनेका हुन्।

निकै प्रतिस्पर्धा भएको खेलमा विजयी जोडीले पहिलो र तेस्रो तथा उपविजेताले दोस्रो सेट आफ्नो पक्षमा पारेका थिए। विजेताले कप, मेडल र प्रमाणपत्रसहित नगद रु ४० हजार तथा उपविजेताले रु २५ हजार नगद पुरस्कार प्राप्त गरेका छन्।

तेस्रो भएका बेनीका सुरेन्द्र हमाल र किसान खड्का तथा सन्दीप अधिकारी र प्रवेश मगरको जोडीले रु सात हजार पाँच सयका दरले नगद पुरस्कार प्राप्त गर्नुभयो। प्रदेशस्तरीय प्रतिस्पर्धामा ८४ जोडीले सहभागिता जनाएका म्याग्दी ब्याडमिन्टन सङ्घका अध्यक्ष सचिन शाक्यले जानकारी दिए।

सोह्र टिमको सहभागिता रहेको ४५ वर्षमाथिको खुला 'भेट्रान्स' प्रतियोगितामा कृषकको कृषि औजार कारखाना तथा गौरव मुना सुन चाँदी पसलका शम्भुकुमार श्रेष्ठ र राजेश गुरुङ विजेता, कुश्माका प्रेम गुरुङ र सञ्जय कपालीको जोडी उपविजेता हुनुभयो। बेनीका कुलदीप जुग्जाली र रवीचन्द्र टोना तथा रमेशकुमार श्रेष्ठ र रत्नबहादुर थजालीको जोडी तेस्रो भए।

भेट्रान्समा विजेता, उपविजेता र तृतीय हुने जोडीलाई कप, मेडल र प्रमाणपत्रसहित क्रमश रु ३० हजार, २० हजार र पाँच/पाँच हजार नगद पुरस्कार प्रदान गरिएको म्याग्दी कोरला यातायात प्रालिका कार्यवाहक अध्यक्ष मोहन केसीले बताए।

म्याग्दी जिल्लास्तरीय 'सि लेभल' ब्याडमिन्टन प्रतियोगितामा बेनीका सज्जन शाक्य र रियान थापाको जोडी विजेता, तातोपानीका अन्जान पुन र मिलन घर्तीको जोडी उपविजेता भए। बेनीका दलबहादुर पुन र उपेन्द्र कार्की तथा कुलदीप जुग्जाली र प्रकाश पौडेलको जोडी तृतीय भएका छन्।

# गजेन्द्र र पूर्णलक्ष्मीलाई अन्तरनगर क्रसकन्ट्रीको उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं–** अन्तर नगरपालिका राष्ट्रिय क्रशकन्ट्री दौडको उपाधि हलेसी नगरपालिकाका गजेन्द्र राई र चन्दननाथ नगरपालिकाका पूर्णलक्ष्मी न्यौपानेले जितेका छन्। काठमाडौंको चन्द्रागिरी नगरपालिकामा शनिबार भएको प्रतियोगिताको पुरुष १० किलो मिटर सिनियरमा गजेन्द्र र महिला स्पर्धामा पूर्णलक्ष्मी पहिलो बनेका हुन्। गजेन्द्रले निर्धारित दुरी ३२ मिनेट २६ सेकेन्डमा पार गरे। दशरथचन्द्र नगरका नरेन्द्र सिंह रावल ३२ मिनेट ३८ सेकेन्ड सहित दोस्रो र हलेसी नगरका सन्जय श्रेष्ठ ३३ मिनेट १२ सेकेन्डको समय सहित तेस्रो बने।



महिला स्पर्धामा पहिलो बनेकी पूर्णलक्ष्मीले निर्धारित दुरी ४१ मिनेट ३० सेकेन्डमा पुरा गरिन्। जिरी नगरकी सुमित्रा चौधरी ४२ दशमलव ५५ सेकेन्ड सहित दोस्रो र भोजपुरकी अनिता राई ४६ मिनेट ०४ सेकेन्ड सहित तेस्रो बनिन्। दुवै स्पर्धाका विजेताले २५ हजार, तेस्रोले १५ हजार तेस्रोले १० हजार रूपैयाँ प्राप्त गरे।

महिला ५ किलो मिटर जुनियरमा तारकेश्वर नगरपालिकाका अस्मिता भुजेल पहिलो भईन्। उनले निर्धारित दुरी २२ मिनेट ५९ सेकेन्डमा पार गरिन्। सुनबर्सी नगरपालिकाकाकी अंशुकुमारी मण्डल २३ मिनेट ११ सेकेन्डको समय सहित दोस्रो र भोजपुर नगरकी जुई राई २३ मिनेट १८ सेकेन्ड सहित तेस्रो बनिन्।

पुरुष ५ किलो मिटर जुनियर स्पर्धामा पोखरा महानगरका कृषबहादुर परियार १७ मिनेट ४५ सेकेन्ड सहित पहिलो बने। चौतारा नगरका बिषराज कुवर १७ मिनेट ५५ सेकेन्ड सहित दोस्रो र पोखरा महानगरका बादल कार्की १८ मिनेट ३५ सेकेन्ड सहित तेस्रो बने।

दुवै स्पर्धाका विजेताले १५ हजार, दोस्रोले १० हजार र तेस्रो हुनेले ७ हजार रूपैयाँ प्राप्त गरे। महिला १० किलो मिटर महिला टिममा भोजपुर नगरपालिकाका अनिता राई, सविना राई र सुनकला राई सम्मिलित टोली पहिलो बन्यो। चन्द्रागिरी नगरपालिकाका सर्मिला बोगटी, संगीता दाहाल, सर्मिला बस्नेत दोस्रो र मनरासिस्वा नगरपालिकाका रैगिरी कुमारी, निशा कुमारी र प्रिती कुमारी ठाकुरको टिम तेस्रो बन्यो।

पुरुष १० किलो मिटर टिम इभेन्टमा हलेसी नगरपालिकाका गजेन्द्र राई, सञ्जय श्रेष्ठ र श्याम मग्रातीको टिम पहिलो बन्यो। दशरथचन्द्र नगरपालिकाको नगेन्द्र सिंह रावत, किरण रावल र प्रेम बस्नेतको टिम दोस्रो र नागर्जुन नगरपालिकाको निरज क्षेत्री, राजेन्द्र तामाङ र सञ्जिव न्यौपानेको टिम तेस्रो बन्यो।

दुवै स्पर्धाका विजेता टिमले समान २४ हजार, दोस्रोले १८ हजार र तेस्रोले १२ हजार रूपैयाँ प्राप्त गरे। महिला ५ किलोमिटर जुनियर टिम स्पर्धामा भोजपुर नगरपालिकाबाट प्रतिनिधित्व गरेका जुई राई, बिनिता राई, जुलिन राईको टिम पहिलो बन्यो। भक्तपुरको उर्जा मधिकर्मी, क्याथ्रिन बासुकला र जोशिका दुवालको टिम दोस्रो र भिमेश्वर नगरपालिकाको पूर्णिमा श्रेष्ठ, अमृता बलामी र यमुना परियारको टिम तेस्रो बन्यो।

पुरुष ५ किलो मिटर जुनियर टिम स्पर्धामा चन्द्रागिरीको छेवाङ्ग रोकाया, अजुज महत र हस्त सुनुवारको टोली पहिलो बन्यो। चन्द्रागिरी नगरपालिकाकै बी टिममा रहेका दोर्जे लामा, सिरल थापा र विकि विकको टोली दोस्रो र चांगुनारायण नगरपालिकाको दावाराज मैनाली, सन्तोष कार्की र पर्वत भण्डारीको टोली तेस्रो बन्यो। दुवै स्पर्धाका विजेता टिमले १५ हजार, दोस्रोले १२ हजार र तेस्रो हुनेले ९ हजार रूपैयाँ प्राप्त गरे।

विजेता खेलाडीलाई नगरपालिकाका महासंघका अध्यक्ष भिमप्रसाद ढुङ्गाना, चन्द्रागिरी नगरका मेयर घनश्याम गिरी, चन्द्रागिरी नगरका प्रवक्ता कृष्णप्रसाद खड्गी, एथलेटिक्स परिवार नेपालका अध्यक्ष राजन खत्री लगायतले पुरस्कृत गरेका थिए। समष्टिमा प्रथम, दोस्रो र तेस्रो हुने नगरपालिकाको घोषणा एक औपचारिक कार्यक्रमको आयोजना गरेर सार्वजनीक गरिने आयोजकले जनाएको छ।

समापन समारोहमा कीर्तिमानी धावक बैकुन्ठ मानन्धर र राजेन्द्र भण्डारीलाई चन्द्रागिरी नगरपालिकाले सम्मान गरेको थियो। नेपाल एथलेटिक्स परिवार नेपालको आयोजना र चन्द्रागिरी नगरपालिकाको सह-आयोजनामा देशभरका नगरपालिका सम्मिलित प्रतियोगिताको व्यवस्थापन प्रो स्पोर्ट्स प्रालीले गरेको थियो।




**ट्रम्प समर्थक |** क्यालिफोर्नियास्थित अनाहिममा आयोजित 'रिपब्लिकन कन्भेन्सन'मा पूर्वअमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको समर्थनमा होटलबाहिर उभिएका उनका चिनियाँ अमेरिकी समर्थकहरू । अघिल्लो चुनावमा वर्तमान राष्ट्रपति जो बाइडेनसँग पराजित भएका ट्रम्प अर्को वर्ष (सन् २०२४) पुनः राष्ट्रपतिका लागि लड्ने अभियानमा छन् । *तस्बिरः एपी*

# दिल्लीस्थित अफगानी दूतावास बन्द

**नयाँदिल्ली–** नयाँदिल्लीमा रहेको अफगान दूतावास शनिबारदेखि बन्द भएको छ। भारत सरकारको असहयोगका कारण दूतावास बन्द गर्नुपरेको दूतावासका एक जना सञ्चार अधिकृतले बताएका छन् ।

सन् २०२१ को अगस्टमा तालिबानले सत्ता कब्जा गर्नुअघि अफगान सरकारको प्रतिनिधित्व गरेका अधिकांश कूटनीतिक कर्मचारी स्वदेश फर्किएको महिनौं भएको छ भने रिक्त स्थानमा नयाँ नियुक्ति गरिएको छैन ।

भारतले अफगानिस्तानको तालिबान सरकारलाई मान्यता दिएको छैन । त्यहाँ तालिबान सरकार सत्तामा फर्किएपछि भारत सरकारले आफ्नो कूटनीतिक उपस्थिति निलम्बन गरेको छ । जुन २०२२ मा नयाँदिल्लीले अफगानिस्तानको राजधानीमा भारतीय मानवीय सहायता समन्वय गर्न एउटा प्राविधिक टोलीमात्र परिचालन गरेको छ ।



यही असोज ८ गते भारतीय विदेश मन्त्रालयलाई एक पत्र पठाउँदै अफगानिस्तानको राजदूतावासले भारत सरकारबाट कूटनीतिक व्यवहार र संरचनागत सहयोगको अभावमा यही सेप्टम्बर ३० देखि दूतावास बन्द हुने जानकारी दिइएको छ ।

गत जुनमा भारतका लागि अफगान राजदूत फरीद मामुन्दजाई नयाँ सत्तासँग आफ्नो कुनै राजनीतिक सम्बन्ध नभएको बताउँदै भारतबाट बेलायततर्फ प्रस्थान गरेका थिए ।

अफगान दूतावासले शिक्षा, कन्सुलर सेवा, मानवीय सहायता र अफगान व्यापारीहरूलाई व्यापार-वाणिज्यका मुद्दामा मद्दत गर्न नसकेको, भारतका विभिन्न विश्वविद्यालयमा उच्च शिक्षा अध्ययनको प्रतीक्षा गरिरहेका अफगान विद्यार्थीलाई सहयोग गर्न नपाएकोलगायत भारत सरकारका सम्बन्धित निकायको प्रशासनिक एवं कूटनीतिक असहयोगका कारण दूतावास बन्द गर्न बाध्य भएको भारतीय विदेशमन्त्रालयलाई लेखेको पत्रमा उल्लेख छ । उक्त पत्र नयाँदिल्ली र काबुलस्थित सञ्चारमाध्यमलाई पनि उपलब्ध गराइएको छ ।

अफगानिस्तानमा शासन परिवर्तनपछि भारतले विद्यार्थी भिसा जारी गर्न बन्द गरेपछि भारतका शैक्षिक संस्थाहरूमा भर्ना भएकाहरूलाई नयाँदिल्ली फर्कन असम्भव बनाएको थियो । यससम्बन्धमा भारतीय विदेश मन्त्रालयले जवाफ दिन अस्वीकार गरेको छ । *रासस⁄एपी*

## एक लाख आदिवासी आर्मेनियाली पलायन

**येरेभान–** अर्मेनियाका अनुसार नागोर्नो-काराबाख क्षेत्रबाट एक लाखभन्दा बढी आदिवासी आर्मेनियाली पलायन भएका छन्। गत साता उक्त क्षेत्रमा अजरबैजानले कब्जा जमाएपछि आदिवासी आर्मेनियाली आफ्नो बहुलता भएको स्थानबाट अधिकांश पलायन भएका काराबाख क्षेत्रका पूर्वअभियन्ताहरूले बताएका छन् ।

अजरबैजानले उक्त क्षेत्रलाई पुनःएकीकरण गर्न र त्यहाँका बासिन्दालाई समान व्यवहार गर्न चाहेको बताएको छ तर अर्मेनियाली प्रवक्ताले त्यो भनाइ केवल ' झूठ' भएको टिप्पणी गरेका छन् ।

अर्मेनियाका प्रधानमन्त्रीका प्रवक्ता नाजेली बग्दासर्यानले नागोर्नो-काराबाखको अनुमानित एक लाख २० हजार जनसंख्यामध्ये एक लाख ४१७ जना पलायन भएका बताएका छन्। शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय निकाय युएनएचसिएचआरले पनि एक लाख आदिवासी आर्मेनियाली पलायन भएका जनाउँदै उनीहरूलाई तत्काल मानवीय सहायता आवश्यक परेको बताएको छ। नागोर्नो-काराबाख क्षेत्रको धरातलीय यथार्थबारे जानकारी लिन तथा त्यहाँको वस्तुस्थिति मूल्यांकन गर्न राष्ट्रसंघीय टोली आइतबारसम्ममा त्यहाँ पुग्ने बताइएको छ । आर्मेनियाका पूर्वपृथकतावादी नेता आर्टक बेग्लरियानले नागोर्नो-काराबाखका बासिन्दाको अन्तिम समूह शनिबार आर्मेनियातर्फ लागेको बताएका छन् । 'अधिकांशमा केही सय व्यक्तिमात्र बाँकी छन्, तीमध्ये अधिकांश अधिकारी आपत्कालीन सेवाका कर्मचारी र स्वयंसेवक हुन्,' उनले सामाजिक सञ्जालमा लेखेका छन् ।

अजरबैजानी सैन्य कारबाहीका क्रममा मारिएकाबाहेक सोमबार नागोर्नो-काराबाखमा इन्धन डिपोमा भएको भीषण विष्फोटमा कम्तीमा १७० जनाको मृत्यु भएको थियो । अर्मेनियालीहरूद्वारा स्टेपानाकर्ट भनेर चिनिने खानकेन्डी नजिकै विष्फोटको कारण अझै स्पष्ट भइसकेको छैन । गत बिहीबार अजरबैजानले नागोर्नो काराबाख क्षेत्र आफ्नो अधीनमा आएको बताएसँगै स्वघोषित स्तन्त्रताको तीन दशक लामो रक्तपातपूर्ण द्वन्द्व अन्त्यसँगै अब त्यसको अस्तित्वसमेत समाप्त भएको घोषणा भएको थियो ।

नागोर्नो-काराबाखका स्वतन्त्रता पक्षधर आर्मिनियाली नेता सम्वेल शाहरामन्यानले सन् २०२४ को जनवरी १ देखि यसको अस्तित्व समाप्त हुने घोषणा गरेका थिए । नयाँ वर्षको पहिलो दिनदेखि सबै राज्य संस्था विघटन गर्ने आदेशमा हस्ताक्षर गर्दै उक्त घोषणा गरेका उनले जनताको सुरक्षाका खातिर त्यो अप्रिय निर्णय गर्नुपरेको स्पष्ट गरेका थिए ।

अजरबैजानको भूभागको रूपमा अन्तर्राष्ट्रिय मान्यता दिइएको नागोर्नो-काराबाख विगत तीन दशकदेखि आदिवासी आर्मेनियालीहरूद्वारा नियन्त्रित थियो । सन् १९८८ मा आर्मेनिया र अजरबैजानबीच सुरु भएको द्वन्द्वको मुख्य जड तत्कालीन सोभियत संघ टुक्रिएपछि भएको युद्धमा आफूले जितेको भूभाग आफ्नै नियन्त्रणमा हुनुपर्ने आर्मेनियाको अडान थियो । *रासस⁄एएफपी*

## अमेरिका–भारत सैन्य अभ्यास अलास्कामा

**अलास्का–** अमेरिकी र भारतीय सेनाको संयुक्त युद्ध अभ्यास अमेरिकाको अलास्कामा सुरु भएको छ । दुई देशबीच जारी युद्धाभ्यासअन्तर्गत यो संयुक्त रणनीतिक अभ्यास हो ।

दुवै देशका सेनाले शुक्रबार अलास्कामा अभ्यास गरेका भारतीय सेनाका अधिकारीहरूले बताएका छन् । अभ्यासमा सहभागी हुन भारतीय सेनाको टुकडी हालै अलास्का पुगेको हो । सैन्य अधिकारीहरूले यसबाट उत्कृष्ट अभ्यास र अनुभवको आदानप्रदान, एकअर्काबाट सिक्न सहज हुने, अन्तरसञ्चालन क्षमता अभिवृद्धि र दुई देशका सेनाबीचको सम्बन्धलाई सुदृढ बनाउने बताएका छन् । *रासस⁄एएनआई*

## ह्वेल माछाले डुंगालाई ठक्कर दिएपछि...

**सिड्नी–**अस्ट्रेलियाको सिड्नीमा ह्वेल माछाले डुंगालाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ भने अन्य एक जना गम्भीर घाइते भएका छन् । न्यु साउथ वेल्स प्रहरीका अनुसार सिड्नीको दक्षिणमा रहेको बोटनी बेमा आपत्कालीन सेवाका अधिकारीहरूले समुद्री तटमा ढलेका एक जना ६१ वर्षीय वृद्धलाई उद्धारको प्रयास गर्दा उनी निष्प्राण भेटिएका जनाएका छन्। मृतक ती वृद्ध ढलेको स्थानभन्दा केही अर्का एक जनालाई गम्भीर अवस्थामा उद्धार गरी स्थानीय अस्पताल भर्ना गरिएको छ।

मानवविहीन डुंगा बोटनी बेमा बारम्बार घुमिरहेको देखेपछि दुर्घटनाको आशंकामा आपत्कालीन सेवाका अधिकारी घटनास्थलमा पुगेका थिए । अज्ञानवश पीडितहरू धेरै ह्वेल भएका स्थानमा डुंगा लिएर पुग्दा यो दुर्घटना भएको उनीहरूले बताएका छन् । *रासस⁄सिन्ह्वा*


## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनीः SRACO HUMAN RESOURCES BRANCH

पूर्व स्वीकृति मिति २०७९/१०/२२ | LT. No.280562 | चलानी नं. ६०१९६०७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 74 | 0 | 1000 | ३५,५०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान र मिति
होटल सेन्टल प्वाइन्ट, विर्तामोड, झापा मितिः २०८० असोज २१ गते (8th Oct. 2023) मा हुनेछ ।
राजध्रुब वैंकेट जानकी नगरपालिका, बाके, विर्तामोड, झापा मितिः २०८० असोज २४ गते (11th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६१९/०६३/०६४

Nasser Outsourcing Consultants Pvt. Ltd.
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Zaid Rashed Al Khater Plastic Factory

पूर्व स्वीकृति मिति : २०८०/०६/१२ | LT. No. 293233 | चलानी नं. ६०२०८४०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Product Sorter | 2 | 0 | 1700 | ६०३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८० असोज २१ गते (8th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००।-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt Lic No. 780/065/066
LOTUS Human Resourse Pvt. Ltd
A Complete Human Resource Company
P.O. Box: 23440, Basundhara, Kathmandu, Nepal. Tel: +00977-1-4366177/4366189, Fax: 00977-1-4366035
Phone no. 9851013334 - Madhu Sudhan Maraseni, Email: Info@lotushrnepal.com.np, Web: Www.lotushrnepal.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनीः KHALIL INTERNATIONAL FOOD STUFF CO.

पूर्व स्वीकृति मिति २०८०/०६/१२ | LT. No.293188 | चलानी नं. ६०२०८३८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOR | 25 | 0 | 100 | ४२,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असोज २१ गते (8th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०८८/०७३/०७४

Al Noor Overseas Pvt. Ltd
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com

## साउदी, कतार, ओमानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Company Farsan Najd Sport

पूर्व स्वीकृति मिति २०८०/०६/१२ | LT. No. 293309 | चलानी नं. ६०२०८४२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 4 | 0 | 1000 | ३५५०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SHAMOUA IBRI TRAD

पूर्व स्वीकृति मिति २०८०/०६/१२ | LT. No. 293241 | चलानी नं. ६०२०८४२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | hairstylist/beautician | 0 | 1 | 170 | ५८७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Turki Bin Thabit Trad. & Cont. Co. W.L.L.

पूर्व स्वीकृति मिति २०८०/०६/१२ | LT. No. 293242 | चलानी नं. ६०२०८४२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 5 | 0 | 1000 | ३६५५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८० असोज २१ गते (8th Oct. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Aarambha H R Services Pvt.Ltd
Govt.Lic. No. 1241/074/075
Basundhara-03, Kathmandu, Nepal Tel : +977-1-5905046/5905044
E-mail : mail@aarambhahr.com, info@aarambhahr.com
Website : www.aarambhahr.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार–सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी–बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०८८०० | प्रति तोला – १०८३ ०० | प्रति तोला – १३९५ |



**सलल कालीगण्डकी** | पानीको बहाव घटेपछि बागलुङ खण्डमा देखिएको कालीगण्डकी नदी । कालीगण्डकीको बागलुङ–पर्वत खण्डमा आन्तरिक पर्यटकलाई लक्षित गर्दै ऱ्याफ्टिङ गराइने गरेको छ । *तस्बिरः डम्मर बुढामगर/रासस*

# उद्योगीलाई निराश नहुन अर्थमन्त्रीको आग्रह

■ प्रभाव संवाददाता

**जनकपुरधाम–** अर्थमन्त्री डा प्रकाशशरण महतले विभिन्न कारणले समस्याग्रस्त देशको अर्थतन्त्र सुधारोन्मुख अवस्थामा रहेकाले उद्योगी-व्यवसायीलाई निराश नहुन आग्रह गरेका छन् ।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घको ५६औं वार्षिक साधारणसभालाई शनिबार जनकपुरधाममा सम्बोधन गर्दै अर्थमन्त्री डा महतले भूकम्प, कोरोना महामारी र अन्तर्राष्ट्रियरूपमा भएको आर्थिक मन्दीका कारण नेपाली अर्थतन्त्रमा परेको दबाब सुधारोन्मुख रहेकाले दृढ आत्मविश्वासका साथ लगानी बढाउन आग्रह गरे ।

'भूकम्प, कोरोना महामारी, अन्तर ाष्ट्रियरूपमा भइरहेको आर्थिक र द्वन्द्वको असर नेपालले पनि भोग्यो । अर्थतन्त्रमा दबाब अवश्य थियो तर पछिल्लो समय त्यसमा सुधार हुँदैछ । विप्रेषण प्रवाह, पर्यटकीय गतिविधिमा बढोत्तरी, बजेट अनुशासन कायम गरेर अगाडि बढ्ने सरकारको नीतिका कारण विस्तारै सुधार हुँदैछ', अर्थमन्त्री डा महतले भने, 'त्यसैले म विश्वासका साथ भन्छु नेपाली अर्थतन्त्र सुधारोन्मुख छ । आर्थिक क्रियाकलाप बढाउन सरकारको मौद्रिक नीति र बजेट अनुशासनले पनि काम गरिरहेको छ । त्यसबाट परिणाम आउन केही समय लागे पनि निराशाको अवस्थालाई आशामा बदल्न सरकार प्रयत्नशील छ । तपाईं व्यापारी साथीहरू पनि आत्मविश्वासका साथ काम गर्नुस् ।'

उनले देशमा आर्थिक क्रियाकलापमा बढोत्तरी नहुँदा राजस्व सङ्कलनमा समेत असर परेकाले विकासका पूर्वाधारमा पर्याप्त लगानी गर्न कठिनाइ भइरहेको बताए । 'नेपालले सामाजिक सुरक्षामा गरेको प्रतिबद्धता, कर्मचारीको तलब तथा चालु खर्चजस्ता अन्य दायित्व पूरा गर्दै जाँदा पुँजीगत दायित्व वा विकासमा पर्याप्त लगानी गर्न सकिरहेको छैन । राजस्व वा आम्दानी बढ्न नसकेकाले यस्तो समस्या भएको हो । अब सबै पक्षले सकारात्मक पहल गरेमा यो अवस्थालाई सुधार्न सकिन्छ । त्यसका लागि म सबै सरोकारवालाको ध्यानाकर्षण गराउन चाहन्छु', उनको भनाइ थियो ।

मधेस प्रदेशमा कृषि, पर्यटन र उद्योगको विकासमार्फत समृद्धि हासिल गर्ने लक्ष्यसहित सरकारले सुनकोसी मरिन कमला डाइभर्सनको काम द्रुतगतिमा अगाडि बढाएको र पूर्व-पश्चिम नहर प्रणालीको विकासका लागि उचित ध्यान दिने भन्दै अर्थमन्त्री डा महतले जलेश्वलाई अन्तर्राष्ट्रिय नाका बनाउन र जटहीलगायतका नाकाको स्तरोन्नति गर्न सरकारले पहल सुरु गरिसकेको पनि जानकारी दिए । प्रदेशको राजधानी जनकपुर क्षेत्रलाई औद्योगिक हबका रूपमा विकास गर्न पनि सरकारले आवश्यक सहयोग गर्ने उनले प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा प्रतिनिधिसभा सांसद एवं नेकपा (एमाले) नेतृ जुलीकुमारी महतोले राज्यले उपेक्षा गरेका कारण मधेस प्रदेशमा विकासले गति लिन नसकेको भन्दै सरकारले अब यहाँका सम्भावनाको सदुपयोग गर्न ठोस नीति तथा योजना बनाउन सक्नुपर्ने धारणा राखे ।

नेपाली कांग्रेसका नेता एवं मधेस प्रदेशसभा सदस्य रामसरोज यादवले सङ्घीयताको मर्मअनुसार विकास निर्माणदेखि अन्य कानुनी जटलिता फुकाउन सङ्घीय सरकारले पहलकदमी लिनुपर्ने बताए ।

त्यसैगरी नेकपा (एमाले) प्रदेशसभा संसदीय दलका उपनेता दीपेन्द्र ठाकुरले जनकपुरको विकासका लागि गुठीको जग्गा व्यवस्थापन र मधेसको विकासका लागि कृषि सिँचाइलाई लक्षित गरी पूर्व-पश्चिम नहर प्रणालीको विकासमा सरकारले लगानी गर्नुपर्ने बताए ।

त्यसैगरी जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साह, पूर्वप्रमुख बजरङ्गप्रसाद साह, जनकपुर उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष निर्मलकुमार चौधरी, वर्तमान अध्यक्ष जितेन्द्रकुमार महासेठलगायतले जनकपुरधाम र मधेसको विकासका पूर्वाधार विकासमा लगानी र लगानीको वातावरण निर्माण गर्न उद्योगीका समस्या समाधानमा ध्यान दिन सरकारलाई आग्रह गरे ।

उनीहरूले महोत्तरीको जलेश्वर भिट्ठामोड नाकालाई अन्तर्राष्ट्रिय भन्सार नाकाका रूपमा विकास र धनुषाको जटही नाकाको स्तरोन्नति, बैंकबाट सहजरूपमा ऋण लिने अवस्था र सस्तो ब्याजदर, गुठीको जग्गा व्यवस्थापन र जनसंख्याको आधारमा बजेटको न्यायोचित बाँडफाँटमा ध्यान दिन अर्थमन्त्रीको ध्यानाकर्षण गराए ।

# भोटखोलामा विद्युत्को राष्ट्रिय प्रसारणलाइन

**किमाथांका (प्रस)–** संखुवासभाको उत्तरी क्षेत्र भोटखोला गाउँपालिकामा राष्ट्रिय प्रसारणलाइन जोडिएको छ । उत्तरी क्षेत्र चीनसँग सिमाना जोडिएको भोटखोला गाउँपालिका-४, गोलाबजारमा राष्ट्रिय प्रसारणलाइनको विद्युत् बालिएको हो । दुर्गम गाउँमा विद्युत् पुगेपछि स्थानीयले खुसी व्यक्त गरेका छन् । योसँगै जिल्लाका १० वटै स्थानीय तहमा राष्ट्रिय प्रसारणलाइन पुगेको छ ।

विद्युत् प्रसारण लाइन पुगेपछि भोटखोला-४ र ५ नम्बर वडाका करिब ७० घर लाभान्वित भएका नेपाल विद्युत् प्राधिकरण सफ्वासभाका प्रमुख सञ्जीव कर्णले बताए । गाउँपालिकाको केन्द्र गोला बजारमा अहिले ५० केभिएको ट्रान्सफर्मर राखेर बत्ती बाल्न सफल भएको उनको भनाइ थियो ।

निकै लामो सङ्घर्षपछि भोटखोलामा बिजुली बाल्न सफल भएको कर्णले बताए । उनका अनुसार सुगम र दुर्गम सबै ठाउँमा राष्ट्रियस्तरका विद्युतीकरण पुऱ्याउने लक्ष्यअनुसार भोटखोलामा राष्ट्रिय प्रसारणलाइन जोडिएको हो ।

जिल्लाको मकालु र सिलिचोङ गाउँपालिकाको केन्द्रसम्म विद्युतीकरण भए पनि वडा र गाउँस्तरसम्म भने विस्तार हुन बाँकी रहेको विद्युत् प्राधिकरणले जनाएको छ । खाँदबारी, चैनपुर, मादी, पाँचखपन र धर्मदेवी नगरपालिकाका साथै सभापोखरी र चिचिला गाउँपालिकामा राष्ट्रिय लाइनको विद्युतीकरण विस्तार भएको छ । सफ्वासभामा हाल विभिन्न आयोजनाबाट २२ मेगावाट विद्युत् उत्पादन हुँदै आएको छ ।

## पेट्रोलियम पदार्थ अन्वेषण मुआब्जा विवाद सुल्झियो

**दैलेख (प्रस)–** पेट्रोलियम पदार्थ अन्वेषणका लागि जग्गा खरिद प्रक्रियामा देखिएको विवाद सुल्झिएको छ । सरकारले दैलेखको भैरवी गाउँपालिका-१ रावतकोटमा पेट्रोलियम पदार्थ अन्वेषण गर्ने भन्दै अघि बढाएको जग्गा खरिद प्रक्रिया अन्र्ततको मुआब्जा वितरणलाई लिएर स्थानीयले असन्तुष्टि जनाएका थिए । पेट्रोलियम पदार्थ अन्वेषणका लागि सरकारले जिल्ला प्रशासन कार्यालय दैलेखमार्फत मुआब्जा वितरण प्रक्रिया अघि बढाएको थियो । भैरवी-१ रावतकोटका २७ घरलाई प्रतिरोपनी रु एक लाख ५० हजारका दरले मुआब्जा दिने प्रक्रिया अघि बढाएपछि स्थानीयले विरोध जनाएका थिए ।

सर्वदलीय बैठक र मुआब्जा पाउने नागरिकसँगको छलफलपछि विवाद सुल्झिएको दैलेखका निमित्त प्रमुख जिल्ला अधिकारी गणेशप्रसाद कोइरालाले बताए । 'सरकारले प्रतिरोपनी रु एक लाख ७५ हजार मुआब्जा दिने निर्णय गरेको थियो', उनले भने, 'प्रभावित क्षेत्रका नागरिक र सर्वदलीय बैठकपछि रावतकोटमा पेट्रोलियम पदार्थ अन्वेषणका लागि जग्गा खरिद प्रक्रियामा देखिएको मुआब्जा वितरण विवाद सुल्झिएको छ ।'

पेट्रोलियम पदार्थ अन्वेषण अन्तर्गत ड्रिलिङ्गका लागि नेपाल सरकार मन्त्रिपरिषद्को विसं २०७९ माघ २३ निर्णयका आधारमा गत असार ३ गते मुआब्जा निर्धारण समितिले भैरवी गाउँपालिका-१ रावतकोटका २७ स्थानीयले मुआब्जा पाउने निर्णय भएको थियो । यस्तै, पेट्रोलियम पदार्थ अन्वेषण अन्तर्गत ड्रिलिङ्गको काम अघि बढाउन आवश्यक उपकरण ल्याउन सडक स्तरोन्नतिको काम समेत अघि बढाएको छ । उपकरण कर्णाली राजमार्गबाट ल्याउन सकिने अवस्था नभएको भन्दै खानी तथा भूगर्भ विभाग र सडक डिभिजन कार्यालय सुर्खेतबीच सडक स्तरोन्नतिको काम अघि बढाउने सहमति भएको थियो । तर सडक डिभिजन कार्यालय सुर्खेतले समयमै सडक स्तरोन्नति अघि नबढाउदा समस्या भएको खानी तथा भूगर्भ विभागले बताउँदै आएको छ ।

# 'प्रधानमन्त्रीको चीन भ्रमण आर्थिक दृष्टिले फलदायी'

**छन्दु (चीन)–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को चीन भ्रमण आर्थिक दृष्टिले फलदायी भएको नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताएका छन् ।

प्रधानमन्त्री दाहालको भ्रमण दलमा निजी क्षेत्रका तर्फबाट सहभागी ढकालले चीनको छन्दुमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै यस भ्रमणका क्रममा नेपालमा चिनियाँ लगानी बढाउनुका साथै अन्य आर्थिक सम्भावनाको खोजी गरिएको बताए । भ्रमणको सुरुमै चीनको राजधानी बेइजिङमा नेपाल उद्योग वाणिज्य महासङ्घको आयोजनामा चिनियाँ व्यवसायीहरूको संस्था सिसिपिआइटी सम्मिलित 'बिजनेस समिट' सम्पन्न भएको थियो । उक्त समिटमा चिनियाँ लगानीकर्तासहित नेपाल चेम्बर अफ कमर्स र नेपाल उद्योग परिसङ्घलगायत नेपालका निजी क्षेत्रका प्रतिनिधिहरू पनि सम्मिलित भएका थिए ।

समिटमा नेपाल र चीनका प्रतिष्ठित व्यवसायीहरूको सहभागिता हुनु र चीनसँग संयुक्त लगानीका लागि केही सम्झौता हुनुलाई अध्यक्ष ढकालले नेपालमा चिनियाँ लगानी भित्र्याउन गरिएको प्रयासका रूपमा लिएका छन् ।

उनले भने, 'निकै लामो समयदेखि हामी नेपाल र चीनका उद्योगी व्यवसायीहरू एक ठाउँमा बसेर द्विपक्षीय व्यापार र लगानीका विषयमा कुराकानी गर्न पाएका थिएनौं । यसपटक हामीले दुई देशका उद्योगी व्यवसायी एवं लगानीकर्ताको सम्मेलन नै गरेका छौं र नेपालमा चिनियाँ लगानी भित्र्याउनका लागि पहल गरेका छौं ।'

समिटमा चिनियाँ उद्योगी व्यवसायीहरूको संस्था सिसिपिआइटीमा आबद्ध एक सयभन्दा बढी उद्योगी व्यवसायीहरूको सहभागिता थियो । सम्मेलनमार्फत उनीहरूले नेपालमा लगानीको सम्भावना र अवस्थाका बारेमा जानकारी लिएका थिए । 'हामीले सम्मेलनमार्फत चिनियाँ व्यवसायीलाई नेपालमा लगानीका सम्भावना देखाइदिएका छौं । प्रधानमन्त्रीले पनि नेपालमा लगानीका लागि अपिल गर्नुभएको छ', अध्यक्ष ढकालले भने, 'प्रधानमन्त्रीले नेपालमा चिनियाँ लगानीको सुरक्षा र सहयोगको प्रतिबद्धता पनि व्यक्त गर्नुभएको छ । नेपालमा लगानीका लागि चिनियाँ लगानीकर्ता पनि उत्सुक देखिएकाले यो भ्रमण आर्थिक दृष्टिले फलदायी रहेको महसुस मैले गरेको छु ।'



सम्मेलनमा नेपालका तर्फबाट प्रधानमन्त्रीसहित विभिन्न मन्त्री र चीनका तर्फबाट वाणिज्य उपमन्त्री सहभागी थिए । चिनियाँतर्फबाट आफ्ना धारणा राख्ने क्रममा सिसिपिआइटीका प्रतिनिधि र चिनियाँ मन्त्रीले नेपालमा लगानीका प्रशस्त सम्भावना आफूहरूले देखेको र नेपालमा उत्पादित वस्तुको बजार चीन नै हुनसक्ने बताएका थिए ।

सम्मेलनपछि व्यक्तिगत रूपमा पनि चिनियाँ उद्योगी व्यवसायीहरूले नेपालमा लगानीका लागि आउने विषयमा चासो व्यक्त गरेको बताउनुहुँदै अध्यक्ष ढकालले नेपालमा विदेशी लगानीको सुरक्षाको सुनिश्चितता गरिएको जानकारी गराएका थिए । उनले विदेशी लगानी भित्र्याउने प्रक्रिया सहजीकरणका लागि महासङ्घले पनि वैदेशिक लगानी सहजीकरण डेस्क स्थापना गरेको र यसमार्फत आवश्यक सहयोग एवं सहजीकरण गर्न सक्ने जानकारी गराएको बताए । त्यसैगरी भूकम्प र कोरोना महामारीका कारण बन्द भएका दुई देशबीचका नाका लामो समयदेखि खुल्न नसक्दा यसले नेपालको अर्थतन्त्रमा प्रत्यक्षरूपमा असर गरिरहेकाले यस भ्रमणका क्रममा नाका खुलाउने विषयमा सहमति भएकाले पनि स्थानीय तहका सीमा क्षेत्रका व्यवसायीलाई मात्र नभएर देशकै उद्योगी व्यवसायीहरूलाई पनि यसबाट प्रत्यक्षरूपमा लाभ पुग्ने अध्यक्ष ढकालको भनाइ थियो ।

उनले भने, 'चीनतर्फ हाम्रो निकासी धेरै नभए पनि नाकाहरू बन्द हुँदा दुवैतर्फ हुने 'क्रस बोर्डर' व्यापारमा असर परेको छ । यसबाट आयात निर्यात प्रभावित भएको छ । अब नाका खुल्ने भएपछि यसले दुवैतर्फ आर्थिक गतिविधिलाई चलायमान बनाउन सहयोग पुग्नेछ । यसपटकको चीन भ्रमणको यो पनि एक उपलब्धि हो ।'

नेपालबाट चीनतर्फ सेवा तथा वस्तु निर्यात निकै कम रूपमा छ । तर नेपालले गर्ने कूल आयातमा १६ प्रतिशत हिस्सा चीनको छ । यस्तो अवस्थामा दुवै देशका प्रधानमन्त्रीबीच भएको नेपाललाई कृषिजन्य उत्पादनका लागि अनुदान दिइनुका साथै नेपालमा कृषि तथा पशुपालनमा चीनतर्फबाट हुने नयाँ सहयोगबाट पनि नेपालमा कृषिजन्य उद्योग स्थापना र सञ्चालनमा सहयोग पुग्ने अध्यक्ष ढकालको विश्वास छ ।

नेपालले चीनसँग अहिले ठूलो व्यापार घाटा बेहोरिरहेको अवस्थामा कृषिजन्य वस्तुहरूको उत्पादन गरी चीनमा निर्यात बढाई व्यापार घाटा कम गर्नका लागि नेपालको कृषि उपजका साथै याक, गाई, चौंरीआदिको प्रजननको व्यवस्था नेपालमा गर्ने विषयमा पनि सहमति भएकाले यसलाई महत्वपूर्ण उपलब्धिका रूपमा लिनुपर्ने अध्यक्ष ढकालले बताए ।

कृषि क्षेत्रको विकासका सन्दर्भमा यो सम्झौता महत्वपूर्ण रहेको र यसले नेपालको कृषि उपजलाई चीन निर्यात गर्न र नेपालमा कृषिमा आधारित उद्योगधन्दा खोल्नका लागि सहयोग पुग्ने अध्यक्ष ढकालको विश्वास छ ।

नेपालमा कृषिजन्य उत्पादन निकै कम रहेको र त्यसमा पनि निर्यातयोग्य उत्पादन झनै कम रहेको अवस्थामा नेपालले लामो समयदेखि कतिपय उत्पादन निर्यातमा चीन सरकारले छुट दिनुपर्ने माग राख्दै आएकामा यस विषयमा पनि द्विपक्षीय छलफल भएकाले कार्यान्वयन हुनेमा अपेक्षा गरिएको उनको भनाइ थियो ।

भ्रमणका क्रममा विद्युत् प्रसारण लाइन निर्माणको सहमतिले पनि नेपालको उद्योग व्यवसायका साथै यस क्षेत्रमा हुने लगानीमा सकारात्मक प्रभाव पार्ने ढकालले बताए ।

त्यसैगरी नेपालतर्फको व्यापार व्यवसाय एवं दुवैतर्फका मानिसहरूको आवतजावतमा प्रत्यक्षरूपमा धेरै संलग्न हुने तिब्बत क्षेत्रको भ्रमण गरी आगामी दिनमा हुनसक्ने व्यापारिक सम्भावनाका बारेमा प्रधानमन्त्रीले गरेको अन्तरक्रिया र अध्ययन पनि भ्रमणको अर्को महत्वपूर्ण पक्ष रहेको ढकालको भनाइ छ ।

भ्रमणका बीच कैलाश मानसरोवरको भ्रमण गरेर प्रधानमन्त्रीले नेपालकै बाटो भएर यसको भ्रमण एवं तीर्थाटनमा आउने सम्भावनाको खोजी गर्नु नेपालमा पर्यटन प्रवर्द्धनका लागि महत्त्वपूर्ण काम भएको पनि उनले बताए ।

प्रत्येक वर्ष दशौं लाख हिन्दू धर्मावलम्बी एवं पर्यटक अहिले कैलाश मानसरोवरको दर्शनका लागि तिब्बतको बाटो भएर जाने गरेका छन् । नेपालका धार्मिक पर्यटकहरूले पनि यसैगरी तिब्बतको घुमाउरो बाटो भएर त्यहाँ पुग्नुपर्ने अवस्था छ । तर कैलाश मानसरोवरमा पुग्नका लागि नेपालको हुम्ला वा मुस्ताङको कोरला नाका हुँदै जाँदा छोटो बाटो पर्ने भएकाले यसका लागि सडक निर्माण गर्न सकियो भने यसले नेपालकै पर्यटन क्षेत्रको प्रवर्द्धन हुने अध्यक्ष ढकालको भनाइ छ ।

'नेपाल र भारतका हिन्दू र बौद्ध धर्म मान्नेहरू प्रत्येक वर्ष ठूलो संख्यामा कैलाश मानसरोवर जाने गरेका छन् । उनीहरू हाल निकै घुमाउरो बाटो प्रयोग गर्न बाध्य छन्', अध्यक्ष ढकालले भने, 'उनीहरूलाई नेपालकै तर्फबाट आउने व्यवस्था मिलाउन सकियो भने नेपालका लागि मात्र होइन कि करोडको सफ्यामा बाहिरिने भारतीय पर्यटकलाई पनि सजिलो हुने मैले महसुस गरेको छु ।' नेपालबाट कैलाश आउने बाटो निर्माण हुन सके यसबाट बाटो पनि छोटो हुने र यात्रा सहज हुने भएकाले भारतीय पर्यटक बढ्नेमा उनले विश्वास व्यक्त गरे । *रसस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ